# रिफलेक्ट सर्कल सहजीकरण तालिम



# संक्षिप्त प्रतिवेदन

जुन २७-३, २०१८

लालगढ, धनुषा

## परिचय :

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, विगत २५ बर्षदेखि भूमि अधिकारबाट वञ्चित, गरीव, दलित भूमिहीन, मोहीहरुको हक अधिकारका लागि पैरवी गर्दै आईरहेको छ । सन् १९९८ मा रिफ्लेक्ट सहजकर्ताको लागि नेपालमा पहिलो रिफ्लेक्ट तालिमको आयोजना सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले सिन्धुपाल्चोकको किउलमा गरेको थियो । संस्थाले रिफ्लेक्ट अवधारणा र सहभागीमुलक बिधि तथा प्रक्रियालाई विपन्न समुदायको सशक्तिकरण र शक्ति रुपान्तरणकोअभिन्न आधारको रुपमा भूमि अधिकार अभियानमा अपनाईएको छ ।

हरवाचरवा सवालभित्र अनगिन्ति उपसवाल र यसका खास कारणहरु छन् । यी कारणहरुको सम्बोधन नगरी एकैपटक हरवाचरवाको मूल सवालको सम्बोधन हुन सक्दैन । यसका लागि हरवाचरवा समुदायमा गरिने छलफलले नै परिवर्तनको माध्यम हुन जरुरी छ । यस्तो छलफलका लागि अभियानकर्ताको भूमिका प्रमुख हुन्छ। उनीहरुको क्षमता विकास नगरी समुदायको समस्यामा उपयुक्त सहजीकरण  हुन सक्दैन ।

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले फ्रिडम फण्डको सहकार्यमा हरवाचरवाका लागि कार्यरत साझेदार संस्थाहरुलाई प्राविधिक सहयोग गरिरहेको छ । धनुषा, सिराहा र सप्तरी जिल्लाको समुदायस्तरमा हरवाचरवा समुदायमा कार्यरत सामाजिक परिचालक र सहजकर्ताहरुका लागि रिफ्लेक्ट सर्कल सहजीकरण ज्ञान र सीप बढाउने उद्देश्यले २७ देखि ३० जुन, २०१८ तालिम गरिएको थियो । तालिममा ३ जिल्लाका १० संस्थाका १४ महिला सहित २० जनाको सहभागिता थियो ।

यो प्रतिवेदनमा रिफ्लेक्ट सर्कल सहजीकरण तालिममा प्रयोग गरिएका बिषयबस्तु, विधि, समुह कार्यका सवाल र संस्थागत कार्ययोजना समेटिएको छ ।

## रिफ्लेक्ट तालिमको उद्देश्य :

- सहभागीमूलक बिधि तथा औजारको उपयोग गरी समुदायको परिवेश विश्लेषण गर्ने ज्ञान र सीप बढाउने ।
- रिफ्लेक्टको अवधारणा बारेमा  बुझ्ने र रिफ्लेक्ट सर्कल सहजीकरणका चरणहरुमा स्पष्ट बनाउने । हरवाचरवा
- समुदायका अन्याय, शोषण र पीडालाई बाहिर ल्याउने र व्यबस्थित योजनाको माध्यमबाट समाधान गर्ने सीपको बिकास गर्ने ।



*यस प्रतिवेदनलाई दुई भागमा विभाजन गरिएको छ । पहिलोमा रिफ्लेक्ट पद्धती, सहभागिमूलक बिधि तथा औजार र यससँग सम्बन्धित बिषयबस्तु । दोस्रोमा समूहकार्यको सामाग्री प्रस्तुत गरिएको छ ।*

# भाग १ :

## सवल पक्षबाट छलफलको सुरुवात गरौं



हरेक व्यक्ति, समुदायको सवलपक्षहरु हुन्छन् । हामीले यी पक्षलाई देख्न र अनुभुत गर्न, त्यसमा रमाउन र खुशी हुन सक्नुपर्दछ ।

हरवाचरवा समुदायमा विभिन्न समस्या छन् । समस्याको साथ साथमा उनीहरु मेहनती छन् । घन्टौ घन्टासम्म हिड्न सक्छन्, सहयोगी छन् र श्रम गर्न गर्छन् । त्यसैले समुदाय, समूहमा निराशा आउने किसिमले छलफलको सुरुवात गर्नु हुँदैन । यसले कसैलाई पनि उर्जा थप्दैन । रिफ्लेक्ट सर्कल एक पद्धती हो । यसले समुदायलाई साक्षर भन्दा पनि सशक्तिकरण गर्नतर्फ उन्मुख गर्नुपर्दछ । यी पक्षलाई पनि रिफ्लेक्ट सर्कल स्थापना वा सञ्चालन गर्दा प्राथमिकताका साथ राख्नुपर्दछ । हरवाचरवा समुदायको सबल पक्षलाई उजागर गरि समुदायमा छलफलको सहजीकरण समस्याको समाधान खोज्नका लागि थप सहयोग र बल यही समुदायबाट प्राप्त हुन सक्दछ ।

### फुल विधि :



रिफ्लेक्ट सर्कल सबल पक्ष पहिचान गर्ने सजिलो कार्य हैन । कुनै पनि कार्यलाई सहज बनाउनका लागि जसरी औजार बनेका छन् । सामाजिक समस्या समाधान, पहिचान र योजना निर्माणका लागि पनि विधि तथा औजारको विकास गरिएको छ । फुल विधि सबल पक्ष पहिचान गर्ने एक तरिका हो । यसले सांकेतिक रुपमा जसरी फुलले बास्ना दिन्छ र हेर्दा पनि राम्रो हुन्छ । त्यसरी नै यस विधिले समुदाय र त्यहाँका मानिसहरुमा भएका सबल पक्षलाई उजागर गर्न मद्दत गर्दछ ।

**हरवाचरवा समुदायका सबल पक्षहरु :**

| | | | | |
|---|---|---|---|---|
| मिलनसार | मेहनती | दयालु | इमान्दार र सोझो | लगनशील |

| | | | | |
|---|---|---|---|---|
| दुःखमा पनि खुसी हुन सक्ने | थोरैमा सन्तुष्ट हुने | आफनो दायित्व बढि बुझ्ने | मनकारी | बलियो |
| गाह्रो काम गर्न सक्ने | कठिन परिस्थीति सँग भिड्न सक्ने | लगनशील | घन्टौ घन्टा हिड्न सक्ने | श्रम गर्न सक्ने |
| सहयोगी भावना | एक कुरामा सहमत हुने | खोजी | सिक्ने चाहना भएको | एकता |

यसपछि तीनवटै जिल्लामा रिफ्लेक्ट सर्कल सञ्चालन सम्बन्धी अबस्थाबारे छलफल गरियो । छलफलमा धनुषा र लहानको २ स्थानमा मात्र रिफ्लेक्ट सर्कल सञ्चालन शुरु मात्र गरिएको कुरा छलफलमा आयो ।

## सवाल पहिचान :

सवाल छनौट गर्नका लागि मुख्य रुपमा समस्याहरुको सुची तयार गर्ने, प्राथमिकता गर्ने र मुल कारण पत्ता लगाउनु पर्छ । यहि कारणलाई नीतिगत तहमा समाधान गर्नका लागि सवालको आवश्यक पर्दछ । सवाल पहिचानका लागि प्रयोग गरिएका सवाल स्तरीकरण विधि र समस्याहरु अनुसूची २ मा प्रस्तुत गरिएको छ ।

### सामाजिक वा स्रोत नक्सा :



समुदायको बस्ती व्यवस्था तथा मानव निर्मित संरचना चित्रण हुनेगरी तयार गरिएको नक्सालाई सामाजिक नक्सा भनिन्छ । समुदायमा आधारित र सहभागीमूलक प्रक्रियाबाट बनाइने यो नक्साबाट गाउँका विभिन्न पक्षबारे जानकारी पाइन्छ । गाउँको वनोट, संरचना, जनसंख्या, जातीय तथा भाषिक अवस्था, स्वास्थ्य जानकारी, शैक्षिक अवस्थालगायत विषयबारे वास्तविक चित्रण थाहा पाउन सकिन्छ ।समुदायको बस्तीको अवस्था तथा मानवनिर्मित संरचना चित्रण हुनेगरी तयार गरिएको नक्सालाई सामाजिक नक्सा भनिन्छ । समुदायमा आधारित यो नक्साबाट गाउँका विभिन्न पक्षबारे जानकारी पाइन्छ । गाउँको वनोट, संरचना, जनसंख्या, जातीय अवस्था, स्वास्थ्य जानकारी, शैक्षिक अवस्था, लगायत अन्य विषयबारे विवरण थाहा पाउन सकिन्छ । यसबाट समुदायमा उपलब्ध स्रोत-संरचना र स्थानीयबीच सम्बन्धका साथै समुदायको सामाजिक, आर्थिक, भौतिक, सांस्कृतिक अवस्था जान्न सजिलो हुन्छ ।

*(विस्तृत समूह कार्यमार्फत तयार पारिएको सामाजिक नक्सा अनुसुची ४ )*

**सहजकर्तालाई सुझाव :**

- सबैभन्दा पहिले समुदायको सुझावअनुसार छलफल हुने स्थान तय गर्ने । सकेसम्म सार्वजनिक स्थान खोजी गर्ने ।
- चोक वा प्रमुख स्थानबाट सुरु गर्ने । नक्सामा दिशा छुट्याउने । पहिले बाटो बनाउने । जति चीजहरू सामाजिक नक्सामा देखाइन्छ त्यति नै संकेत राख्ने ।
- नक्सामा प्रयोग हुने संकेतले के इङ्कित गर्छ भन्ने कुरामा सबै प्रस्ट हुनुपर्छ । भुइँमा सामाजिक नक्सा बनाउँदा सकेसम्म खानेकुरा जस्तैः पिठो, गेडागुडी आदि प्रयोग नगर्ने ।
- समुदायमा बनाइएको सामाजिक नक्सालाई न्युजप्रिन्टमा उतार्दा दुई इन्च मार्जिन (बोर्डर) छाड्ने । माथितिर सधैँ उत्तर दिशा पर्ने गरी नक्सा बनाउँदा सजिलो हुन्छ ।सामाजिक नक्सामा सकेसम्म एक वा दुईवटा मात्र विषयलाई प्राथमिकता दिएर देखाउने । सामाजिक नक्सा बनाउँदा चारै दिशामा भएका छिमेकी गाविस वा टोलको नाम राख्ने । सामाजिक नक्सामा योगदान पुऱ्याउने व्यक्तिको नाम र तयारकर्ताको नाम अनिवार्य लेख्ने । सामाजिक नक्सामा देखाइएका मुख्यमुख्य सेवा प्रदायक निकायहरू जस्तैः स्वास्थ्य चौकी, विद्यालय आदि तथा ती मुद्दाहरूबारे समस्या भए छुट्टै पानामा वर्णन गरी पेश गर्ने, टाँस गर्ने ।

**समस्या वृक्ष विश्लेषण :**

समुदायमा विभिन्न सवाल वा समस्या हुन्छन् । विभिन्न समस्याको छुट्टाछुटै कारण र असर केलाउन सकिन्छ । सवाल वा समस्याको स्तरीकरण गरेपछि छनोट भएका समस्यामध्ये सबैभन्दा प्रमुख समस्याको जरा वा जड कारण (Root Cause) पत्ता लगाउन पनि यो विधि प्रयोग गरिन्छ । यस्तै, सामाजिक नक्साबाट सहभागीमूलक ढङ्गले सामूहिक अन्तर्क्रिया गरी विभिन्न समस्या वा सवाल र सम्भावनाको अवस्था हेरिन्छ । सहभागितामूलक प्रक्रियाबाट समस्या वा सवालको जडकारण (जरा) । यसले पारेको प्रभाव (फल) पत्ता लगाई सोको समाधानका लागि गर्नुपर्ने कार्यबारे छलफल गर्न सकिन्छ ।

समस्याहरुलाई विस्तृत रुपमा अध्ययन गरेमात्र सवाल पहिचान गर्न सकिन्छ । यसै प्रक्रियाका लागि वृक्ष विश्लेषण मुख्य औजारको रुपमा प्रयोग गर्न आवश्यक छ । समस्याका कारणहरु नै वकालतका सवाल हुन् । समस्याहरु सतहमा हुन्छन् र सबैले देख्छन् । कारण भने जरामा हुने भएकाले सबैको ध्यान त्यसमा जाँदैन र समाधानका पहल पनि सतहीरुपमा नै सिमित हुन्छन् । वकालत समस्याको जरैबाट समाधान गर्ने प्रक्रिया हो । प्रभावित समुदायकै अगुवाईमा काम गर्दै अघि बढ्न जरुरी छ । समस्याको मुल जराको लागि राजनैतिक वकालत चाहिन्छ भने मुख्य जड कारणका लागि नीतिगत वकालत चाहिन्छ । सहायक कारण समाधान भने जिल्ला तथा स्थानिय तहको वकालतले पनि गर्न सक्दछ । *(विस्तृत समूहकार्यमा तयार गरिएको वृक्ष अनुसुची ३ मा उल्लेख छ)*

**सहजकर्तालाई सुझाव :**

- कुनै विषयमा विश्लेषण गर्ने सर्वप्रथम सहभागी र सहजकर्ताको समझदारीमा विषय छनौट गर्नु पर्ने हुन्छ।
- वृक्षको छनोट गर्दा दैनिक जीवनमा सान्दर्भिक र आफ्नो बगैंचा वा खेतबारीमा भएको बोट विरुवालाई प्राथमिकता दिनु पर्ने हुन्छ ।
- वृक्ष चित्र बनाउदा वा कोर्दा एकै चोटी नबनाई चरणबद्ध रुपमा-काण्ड, जरा, हाँगा गरी बनाउदै जाने ।

- कार्यक्रमको लगानी र प्रतिफलको विश्लेषण गर्दा जराको पनि जरा (सहायक जरा) को आधारमा खण्ड-खण्ड गरेर व्याख्या गर्न नभुल्ने ।
- छलफल र विश्लेषण गर्दा सहभागीहरुलाई सरल रुपमा खुला प्रश्नहरु गर्ने तर बन्द प्रश्न चाँही नगर्ने ।
- वृक्ष चित्र बनाउँदा/बनाउन लगाउदा स्थानीय स्रोत साधनलाई प्राथमिकता दिने । जस्तै : वृक्ष बनाउन पराल, छेस्काहरु, कोइला बा कमेरो जस्ता स्थानीय सामग्रीहरुलाई प्रयोगमा ल्याउने ।
- चित्र बनाउदा दृष्यात्मक हुने गरी बनाउने । जस्तैः कागज प्रयोग गर्दा कागजकै हाँगा, जरा फल र काण्डको आकारमा खण्ड-खण्ड गरेर काटेर पूर्णरुपको वृक्ष बनाउने । यो बढी वास्तविकाताको नजीक हुन्छ र सजीव देखिन्छ ।

**अवसर वा समस्या स्तरीकरण :**



व्यक्ति, समुदाय, र संस्था भित्र विभिन्न प्रकारका अवसर वा समस्याहरु हुन्छन् । ती अवसर र समस्याहरु मध्ये कुन चाहि अवसरलाई पहिले उपयोग गर्ने वा कुन चाहिं समस्यालाई पहिला समाधान गर्ने विश्लेषणको आधारमा प्राथमिकता छुट्टयाउने प्रकृया नै अवसर वा समस्या स्तरीकरण गर्ने अभ्यास हो । एउटा समस्या वा अवसर एक एक गरी तुलना गर्ने भएकोले यो विधिलाई जोडि तुलना विधि पनि भनिन्छ ।

कुन भन्दा कुन अवसरलाई उपभोग गर्दा वढि फाइदा हुन्छ तुलना गरिन्छ । छलफलबाट जुन वढि फाइदा जनक देखिन्छ त्यसलाई छनौट गर्दै प्रथमिकता छुट्याइन्छ । प्राथमिकता छुट्टयाउँदा कुन आफ्नो स्रोतले पुरा गर्न सकिन्छ ? कुनलाई बाहिरिया स्रोतको आवश्यकता पर्दछ ? त्यो स्रोत कसरी जुटाउन सकिन्छ ? सरल रुपमा जुटाउन सकिने स्रोतहरु कुन कुन हुन् ? र जुटाउन कठिनाई पर्ने स्रोतहरु कुन कुन हुन् ? स्रोत जुटाउने उपायहरु के के छन् ? जस्ता कुराहरुको पनि निक्यौल निकालिन्छ । त्यसैको आधारमा पहिलो दास्रो र तेस्रो गर्दै प्राथमिकता छुट्टयाउँदै जाइन्छ । *(विस्तृत समूहकार्य जोडी तुलना अनुसुची २)*

**सहजकर्तालाई सुझाव**

- अवसर र समस्याहरुको सुचि तयार गर्दा सबैका समस्याहरुलाई समावेश हुने गरी पालैपालो सोधी टिपोट गर्ने ।
- हाल स्तरीकरण गर्दा धेरै व्यक्तिहरुले समस्यालाई मात्र मध्यनजर गरी स्तरीकरण गर्ने चलन छ त्यसो नगरि अवसरलाई पनि स्तरीकरण गर्न सकिन्छ यसो गर्नाले सबै प्रकारको स्तरीकरण गर्न सकिने कुरा सहभागीहरुमा ध्यान जाने हुन्छ ।
- किन कसरी भन्ने प्रश्न नगरि कुन भन्दा कुन बेस मात्र भन्ने छलफल गरी तुलना गरिएमा त्यसको कार्यन्वयन नहुन सक्छ त्यसलाई सहजकर्ताले सचेत भएर ख्याल गर्ने ।

- स्तरीकरणमा कुन कुन सवाललाई समावेश वा तुलना गर्न लागिएको हो त्यसलाई सकभर चित्र नै वनाई संकेत गर्ने र तुलना गर्नु राम्रो हुन्छ ।
- प्राथामिकता तोक्दा स्रोत र उपलव्धता हुन सक्ने र नसक्ने स्रोत र साधनलाई पनि ख्याल गर्न स्मरण गराउने ।

## रिफ्लेक्ट अवधारणा :

रिफ्लेक्ट समुदायलाई सशक्त गर्ने पद्धती हो । अधिकार खोज्न सिकाउने, समुदायको समस्या उजागर गर्ने, समाधानका उपायको खोजी गर्ने, व्यवहारमा परिवर्तन ल्याउने रुपान्तरण शैक्षिक अवधारण हो । REFELCT एक अङग्रेजी शब्द हो । यसमा मानिसलाई साक्षरमात्र भएर समुदायको विकास गर्न नसकिने भएकाले सशक्तिकरणमा जोड दिने उद्देश्यले यस पद्धतीको विकास गरिएको हो । यसमा समुदायबाट समस्या पहिचान गर्ने, पीडितलाई नै अगुवा बनाई परिचालन गर्ने तथा समुदायकै अगुवाईमा परिवर्तन हासिल गर्न सकिन्छ भन्ने मुल उद्देश्य रहेको छ।

**REFLECT:-**

**Re-Regenerayted-पुर्नसिर्जीत**

**F-Freirian-फ्रेरियन**

**L-Literacy - साक्षरता**

**T-Through -मार्फत**

**E-Empowering-सशक्तिकरण**

**C-Community -सामुदायिक**

**T-Techniques-पद्धती**

## रिफ्लेक्ट सिद्धान्त :

१. सूचना र ज्ञान थोपर्ने होइन, विश्लेषण र खोजी गर्न सक्षम बनाउनु पर्दछ । परिवर्तन सम्भव छ । एकताका साथ परिवर्तन खोज्न लाग्यौं भने मात्र हासिल गर्न सकिन्छ ।


२. परम्पराको दास बन्ने होइन, न्यायमुखी परम्परा थाल्न सिकाउने हो ।सधै समस्याको मात्र नभई समाधानका छलफल पनि सञ्चालन गर्नु पर्दछ । उत्पीडन किन पर्यो, के कारणले पर्यो र आगामी बाटोको निर्देशन गर्नुपर्दछ । सहजकर्ताले जहिले हार मान्ने होइन समस्याको समाधान गर्न आशा जोगाउनु पर्छ

३. लेखपढले मान्छेलाई अक्षर चिन्ने र नचिन्ने मात्र बनाउँछ । अन्याय विरुद्ध आवाज उठाउन सक्ने व्यक्तिमात्र असली परिवर्तनकारी बन्छ । रिफ्लेक्टले यस्तो अगुवाहरुको विकासमा टेवा पुर्‍याउँछ ।

४. मानिस उत्पीडनमा पर्नु उसको मात्र दोष हैन । समाज र राष्ट्रको पनि हो । यसमा सबैलाई परिवर्तन गरि अघि बढ्नु आवश्यक छ ।

## रिफ्लेक्ट सर्कल सहजीकरणका चरण :

रिफ्लेक्ट सहभागीमूलक सिकाई पद्धती हो । मुख्यरुपमा समुदायलाई सशक्तिकरण गरि भएका कुरिती विरुद्ध आवाज उठाउन सिकाउनु नै यस सर्कलको मुल उद्देश्य हो ।




रिफलेक्ट सर्कल सहजीकरणका चरण

### १. तयारी :

रिफ्लेक्ट सर्कल सहजीकरणको आधारभुत चरण भनेको सवालका विषयमा आफु तयार हुनु नै हो । सहजकर्ता स्वयं तयार भए पछि मात्र केन्द्रमा छलफल प्रभावकारी रुपबाट अगाडि बढ्न सक्छ । यो मूलत: केन्द्र बाहिर नै गरिन्छ ।

**सहजकर्तालाई सुझाव :**

- तयारीमा मुख्यरुपमा सहकर्ताद्धारा सावालको सुक्ष्म अध्ययन गर्न आवश्यक छ ।
- समुदायको परिवेशबारेको विस्तृत जानकारी हासिल गर्नुपर्दछ ।
- सहभागीमूलक तवरको पहिलै विश्लेषण गरि आवश्यक चित्र, टेबल, वा अन्य सामग्रीको जोह गर्नुपर्छ ।

### २. शुरुवात :



रिफ्लेक्ट सर्कल सञ्चालनका लागि दोस्रो चरण शुरुवात हो । तयारीमा सहजकर्ताको बढि भूमिका हुन्छ भने यसमा सहजकर्ता र सहभागी दुवैको त्यतिनै भूमिका हुदँछ । यो केन्द्र भित्र गरिने पहिलो चरणको कार्य हो जसले पुरै छलफलको दिशा निर्देश गर्दछ।

***सहजकर्तालाई सुझाव :***

- रिफ्लेक्ट सर्कलमा प्रवेश पश्चात शुरुवातका लागि अनौपचारिक प्रश्नहरुको प्रयोग गर्ने
- समय सान्दर्भिकको छलफल जस्तै ऋणको चर्को व्याज, बाढी पहिरो, खडेरी र यसको असर
- व्यवस्थापन पक्षमा ध्यान दिने
- द:खद घटना भए पनि सोको बारेमा एकै छिन समय प्रदान गर्ने

## ३. वातावरण निर्माणः

छलफललाई केन्द्रमा दिशा प्रदान गर्नका लागि यो सबैभन्दा महत्वपुर्ण चरण भनेको त्यहाको वातावरण तयार गर्नु हो । समुदायमा सबै मानिसहरु आफनो नित्य कर्म, खेतीपाती, बालबच्चा वा वृद्धको स्याहार सुसार जस्ता कामबाट समय व्यवस्थापन गरि केन्द्रमा सहभागी हुन आउँदछन् । त्यसैले छलफलमा सिधै जानुभन्दा पनि वातावरण तयारी पश्चात मात्र अघि बढ्दा सहभागीहरु सक्रियरुपमा छलफलमा सम्मीलितहुन्छन् । यसरी सहभागितामुलक विधिको प्रयोग पछि मात्र सहभागीलाई सवालको अवस्था र छलफलमा प्रवेश गराउनुपर्दछ ।

**सहजकर्तालाई सुझाव :**

- वातावरण तयारीका लाीग अघिल्लो हप्ताको विषय पुनरावलोकनगर्नु उपयुक्त हुन्छ, यसमा सबै सहभागीलाई समावेश गराउनु पर्दछ ।
- सहभागीतामुलक विधिको प्रयोग, जस्तै चित्र, विश्लेषण, सामाजिक नक्सा, मौसमी पात्रोका प्रयोग गरि सवालमा प्रवेश गर्ने
- सबैको ध्यान विषय वस्तुमा केन्द्रित गरि मात्र सवालको गहिरो छलफलमा लाग्ने

## ४. सवालमा छलफल र विश्लेषण :



रिफ्लेक्ट सर्कल सञ्चालनको यो सबै भन्दा महत्वपुर्ण चरण हो । यसमा तयारीदेखी वातावरण निर्माण सँग आईपुग्दा सहभागीहरुमा कुन विषयमा छलफल गर्ने, कस्तो प्रकारको अवस्था छ र मुख्यरुपमा खेलेर सहभागी हुने आँट आई सकेको हुन्छ । समस्याको बारेमा वातावरण तयारी बाट आएका अवस्था विश्लेषण र समस्याको प्रभावको बुझाई पश्चात सहभागीतामुलक ग्रामीण लेखाजोखाका औजार प्रयोग गरि सवालमा थप छलफल र विश्लेषण गर्नुपर्दछ ।

**सहजकर्तालाई सुझाव :**

- यस चरणमा खुल्ला प्रश्नको प्रयोग गर्नुपर्दछ ।
- अवस्था विश्लेषण गर्नमा सहयोग प्रदान गर्ने । जस्तै यहि समस्या अझै १० वर्ष रहेमा समुदायमा कस्तो अवस्था सिर्जना हुन्छ भनेर सहभागीलाई नै भन्न लगाउने, सहजीकरणमा मात्र सहयोग प्रदान गर्ने
- कारणका विषयमा छलफल गर्दा सतही मात्र नभई जराको कारणको पत्ता लगाउनु सहजीकरण गर्नुपर्दछ ।
- समुदायमा असरकसलाई बढि पर्छ भन्नेमा छलफल केन्द्रित गर्नुपर्दछ ।

५. **समाधानका उपायमा छलफल :**

रिफ्लेक्ट सर्कलमा समस्याको विश्लेषण तथा असरको बारेमा छलफल पश्चात समाधानका उपायमा ध्यान दिनु आवश्यक छ । समुदायका लागि यो सबैभन्दा महत्वपुर्ण चरण हो, जहाँ धेरै समय देखि भोगिरहेको समस्याको समाधानका बारेमा छलफल केन्द्रित हुदँछ । सहजकर्ताले यस चरणमा धेरै सावधानीका साथ छलफल अघि बढाउनुपर्दछ । यहि चरणको नतिजाले मात्र सहभागीहरुलाई सर्कलमा निरन्तररुपमा छलफल हुन प्रोत्साहन गर्दछ ।



**सहजकर्तालाई सुझाव :**

- समाधानका लागि हामीले मात्र छलफल गरेर हुन्छ वा अरुसँग (परिवार, छिमेक, गाँउ, गाँउपालिका, आदि कहाँ सम्म छलफल गराउनु पर्ला) भन्ने विषय सहजीकरणमा सहयोग गर्ने
- छलफलमा हामी आफै सवैलाई प्रष्ट पार्न सक्छौ वा कुनै जानकार व्यक्तिलाई वोलाउनु पर्ला ?
- त्यो विषयमा जानकार व्यक्ति को को होलान् ? को सूची निर्माण गर्न सहयोग गर्ने
- हामीले आँफै आफ्नै शिप र स्रोत साधनवाट समाधान गर्न सकिने उपायहरु के के होलान् ?
- सवैभन्दा उत्तम र सफल हुन सक्ने उपाय के हुन सक्छ ?
- के यी सवै समाधानका कार्यहरु हामी आँफै गर्न सक्छौं ?

६. **केन्द्र बाहिर छलफल :**

समुदायमा रहेको समस्या, असर तथा कारणको विषयमा रिफ्लेक्ट सर्कल मात्र छलफल गर्नाले समाधान गर्न मुश्किल हुन्छ । यसका लागि परिवार, छिमेक, वडा कार्यलय, गाउँपालिका, नगरिपालिका कार्यलय छ भने केन्द्र बाहिर छलफल आवश्यक हुन्छ ।

**सहजकर्तालाई सुझाव :**

- समाधानका लागि केन्द्र बाहिर छलफल गर्दा जानकार व्यक्तिहरुको छनौटमा सहजकर्तालाई ध्यान पुऱ्याउनु पर्दछ ।
- सहभागीमूलक विधिको प्रयोग गर्दा सर्कलका सहभागीहरुलाई समावेश गर्नुपर्छ ।
- सवालका विषयमा विपक्षीहरुलाई समावेश गर्दा ध्यान दिन जरुरी छ ।

## ७. कार्ययोजना :

यो रिफ्लेक्ट सर्कलको सातौं चरण हो । समाधानका उपाय छलफलमा मात्र केन्द्रित हुन्छन् । तर छलफलले मात्र धेरै समस्याको समाधान आउन सक्दैंन । यसका लागि एक्सनमा आधारित कार्ययोजना बनाउन आवयक छ । के गर्ने, कसरी गर्ने, कसको सहभागीता/सहयोगमा गर्ने, कहिले गर्ने र कति लगानीमा गर्ने जस्ता प्रश्न सामेल गरि कार्ययोजना तयार गर्न सकिन्छ ।

**सहजकर्तालाई सुझाव :**

- सरल र छिटो समाधान हुने समस्यामा आधारित योजना तयार गर्नुपर्दछ ।
- योजना सतही मात्र नभई समस्याका कारणहरुलाई जरामा हिर्काउने खालको हुनुपर्दछ ।

## ८. अनुगमन तथा मुल्याङकन :

अनुगमन तथा मुल्याङकन कुने पनि कार्यलाई फर्केर हेरि गरिने समीक्षा र त्यसको सिकाईबाट नयाँ कार्यक्रम निर्माण गर्ने निरन्तर प्रक्रिया हो । रिफ्लेक्ट सर्कलमा पनि यसको विशेष भूमिका हुदँछ । यसले रणनीतिलाई कार्यदिशा प्रदान गर्ने देखेर हाम्रो उपलब्धी, समस्या, चुनौतीको मापन र समाधान सम्मको मार्ग चित्र कोर्न पनि मद्दत गर्दछ । यसका लागि नियमित अनुगमन, समीक्षा बैठक, स्वमूल्याङ्कन, योजना तथा उपलब्धी मुल्याङकन गर्न सकिन्छ ।

**सहजकर्तालाई सुझाव :**

- अनुगमनलाई कार्यको बीचमा छलफलका सदस्यलाई नकरात्मक मात्र नभई सकरात्मक सुझाव पनि प्रदान गर्नुपर्दछ ।
- मुल्याङकन कार्यमा योजना सम्पन्न पछि सबै समस्याका समाधान हुदैंन । त्यसैले मुल्याङ्कन कार्य पश्चात सिकाईका आधारमा कार्ययोजना तयार गर्न सहजीकरण

### व्यवहारिक सिकाई

अभ्यास पछि सामुहिक रुपमा रिफलेक्ट सर्कलका सबै चरणको प्रस्तुती गरियो । यसमा सहजकर्ताले प्रदान गरिएको सबै पृष्ठपोषण समावेश गरिएको छैन । संक्षिप्त सिकाईहरु रुपमा  तल प्रस्तुत गरिएको छैन ।

- वातावरण तयारीमा ध्यान दिन जरुरी छ । व्यवहारिक छलफलमा सहभागीको विषयमा केन्द्रित गर्न जरुरी छ ।
- सवालको विश्लेषण र छलफलमा विधिको प्रयोग गर्न आवश्यक छ । रुख विधि र आम्दानी विश्लेषण महत्वपुर्ण हुन् ।
- समाधानका उपाय छलफलमा केन्द्र बाहिरका उपायमा पनि छलफल गर्न आवश्यक छ । वडा, गाउँपालिकालाई पहिलो प्राथामिकतामा राखि अघि बढ्नु पर्दछ । समुदायमा छलफल गर्दा सकारात्मक प्रभावमा जोड गरि सकेसम्म समुदायलाई सवालमा ऐक्यबद्धता गरि अभियान सञ्चालन गर्नुपर्दछ ।
- सहभागीसँगै घुलेर रिफलेक्ट सर्कल सञ्चालन गर्नुपर्दछ । केन्द्रमा सहजकर्ता र सहभागीको भावना भन्दा पनि समुदायकै व्यक्ति हो भन्ने छवि निर्माण गरेमात्र समस्याका जड कारण पत्ता लगाउन सहयोग प्रदान गर्नेछ ।
- सरकारी काम कारबाही, खेती, ज्याला मजदुरी र चाडबाड पुर्वनिर्धारित हुन्छन् । कार्ययोजना निर्माण गर्दा मौसमी पात्रोलाई विशेष ध्यान दिनु पर्दछ । कुन समयमा धर्ना गर्दा प्रभावकारी हुन्छ, कुन समयमा हेल्थपोस्टसँग छलफल गर्न सकिन्छ भन्ने कुरा यसबाट योजना गरि अघि बढ्न सकिन्छ ।

## सिकाइ प्रकृया :

**के हो सिकाइ प्रक्रिया ?**

सिक्ने भनेको मानिसले आफ्नो जीवनमा ल्याउने परिवर्तन हो । यो परिवर्तन जानकारीको स्तरमा, सोचाइको स्तरमा, अनुभवको स्तरमा वा काम गर्ने स्तरमा हुन सक्छ । मानिसले कुनै कुरा सिके भनेको मतलव उनीहरूको जीवनमा एकखालको परिवर्तन आउनु नै हो । यो परिवर्तन ठूलो वा सानो हुन सक्छ। सबै मानिसले सधैं केही न केही सिकिरहेका हुन्छन् । यो एउटा निरन्तर चलिरहने प्रक्रिया हो । त्यसको मतलब हुन्छ- मानिसले आफ्नो जीवनमा कुनै न कुनैरूपमा निरन्तर परिवर्तन ल्याइरहेका हुन्छन् । त्यस्तै कुनै पनि मानिसले अब यति सिकेपछि म अरु सिक्दिन भन्ने कुरा पनि गर्न सम्भव छैन । झट्ट हेर्दा वा सुन्दा यो कुरा एकदम प्रष्ट तथा सबैलाई थाहा भएकै जस्तो पनि लाग्छ ।

यो बुझाइको आफ्नै महत्व छ । अहिले सिक्ने भन्ने कुरा गर्नेबित्तिकै हामी धेरैजसोको मनमा विद्यालय, शिक्षक, किताव, कापी आदि कुरा नै आउँछन् । हामीले आफ्नो जीवनको महत्वपूर्ण समय यसरी सिक्ने कामका लागि नै खर्चेका पनि छौं । आफैं नै विद्यालय नगएका भए पनि हामीले हाम्रा वरपरका आफन्त, छिमेकका मानिस, सानासाना केटाकेटीले आफ्नो समय विद्यालयमा नै गएर बिताएका पनि देखेका छौं । त्यसै गरेर हामीले विद्यालय नै एउटा सिक्ने ठाउँ हो भनेर गरिने प्रचार पनि सुनेका छौं । सिक्ने कुरा गर्नेबित्तिकै हाम्रो मनमा विद्यालय तथा यससँग जोडिएर आउने अरु विभिन्न चिज आउनु स्वाभाविक पनि छ ।

हाम्रा आफ्नै हजुरबा वा हजुरआमाको पालामा हाम्रो गाउँमा कुनै विद्यालय वा अरु पढाइका ठाउँ नै थिएनन् । हामी २०-४० भयौं । हाम्रो पालामा मात्रै मानिसले विद्यालय गएर सिक्ने वा पढ्ने गर्न थालेका हुन् । हामी सबैले यसबारे आ-आफ्नो अनुभव बताउन सक्छौं । हाम्रा हजुरबा वा हजुरआमा विद्यालय नगएर पनि आफ्नो जीवनमा निकै कुरा सिक्नुभयो । त्यसैले सिक्नका लागि विद्यालयमात्रै एउटा ठाउँ होइन भन्ने कुरा हामीले बुझ्नुपर्छ । जन्मेदेखि नै सबैजसोले लेख-पढ गर्ने अवसर पाएका देशमा पनि जिन्दगीमा सिकेका कुराको ५ भागको १ भाग जतिमात्र औपचारिक माध्यमबाट आएको देखिन्छ ।

हामीले यसरी सिक्ने भनेर सोच्ने गरेका विधि अरु सिक्ने धेरै तरिका, ठाउँमध्येको एउटा सानो भाग हो । मानिसले निरन्तर सिक्छन् भन्ने कुराको साथसाथै यो सिक्ने पनि धेरै तरिकाको हुन्छ भन्ने कुरा पनि हामीले बुझ्नुपर्छ । मानिसले आफ्ना विभिन्न अनुभवका आधारमा, आफ्नो पढाइको आधारमा, अरु मानिससँग सम्बन्धका आधारमा, विद्यालयमा, तालिममा वा अरु विभिन्न अवसर, ठाउँ आदिमा पनि सिक्ने गर्छन् ।

हामीले अहिलेसम्म सिकेका कुरालाई एक ठाउँमा राख्ने कोसिस गरौं । यसका लागि हामीले हामीलाई लाग्ने साधारणभन्दा साधारण कुराबाट सुरु गर्न सक्छौं । जस्तै- हामीले बोल्न कसरी सिक्यौं होला ? हिँडडुल गर्न कसरी सिक्यौं होला ? खान कसरी सिक्यौं होला ? कुन बोट बिरुवा के हो भन्ने कुरा कसरी सिक्यौं होला ? हामीले लेख्न वा पढ्न कसरी सिक्यौं होला ? आफ्ना अनुभवका आधारमा यस्ता धेरै प्रश्न विश्लेषण गर्न थाल्यौं भने हामीले आफ्नो जीवनमा सिकाइ भनेको के रहेछ भन्ने कुरा थाहा पाउन सक्छौं । यी कुरा सिक्न हामी न विद्यालय गयौं न हामीले जाँच नै दिनुपर्‍यो ।

**सिकाइका सामान्य आधार**

**(क) सिकाइको सामाजिक परिवेश**

मानिस जन्मेदेखि नै अरु मानिससँग र आफूवरिपरिका पशुपन्छी, वनस्पति, अरु जीव र वरपरका अरु विधि चिजविजसँग निरन्तर सम्बन्ध स्थापना गर्छन् । मानिसका प्रत्येक क्षण अरुसँगका अन्तरक्रियामा बित्छ । मानिस चिजबिज प्रयोग गर्छन् । मानिसले चिजविजबारे सोच्छन् वा कल्पना गर्छन् । त्यसैगरी मानिसले ती सबबारे सम्झना बनाउँछन् । मानिसले त्यही चिजबिजबारे आफूभन्दा अघिका पुस्ताले सिकेका कुरा पनि जान्दछन् । चिजविजबारेमात्रै होइन, अरु सबै थोकबारे मानिसबीच यो प्रक्रिया निरन्तर चलिरहन्छ । यो प्रक्रियामा परिवारभित्र, विभिन्न सामाजिक प्रक्रियाभित्र समाजमा आ-आफ्ना ठाउँ तथा हैसियत पनि निर्माण हुन्छन् । यस प्रक्रियामा मानिसका आफ्नो वरिपरिका ठाउँसँगको सम्बन्ध निर्माण हुन्छ । यी सबै जटिल परिवेशभित्र मानिसले सिक्छन् ।

सबै मानिसको सिक्ने आ-आफ्नै सन्दर्भ हुन्छन् जसलाई हामी अहिले 'सिकाइ परिवेश' भनौं । सिकाइ परिवेश भनेको ठाउँ, एक अर्कोबीचको सम्बन्ध, दैनिक क्रियाकलाप, कुराकानी आदि हो । मानिसका आ-आफ्ना अनुभव यही परिवेशमा बनेका हुन्छन् । ठाउँठाउँका भिन्नताको भौगोलिक, प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक आदि कारण हुन्छन् ।

**(ख) भौगोलिक र प्राकृतिक भिन्नता**

नेपालका फरकफरक ठाउँहरूमा फरकफरक मानिस बसोबास गर्छन् । ती ठाउँमा थुप्रै चिज फरक छन् । जमिन फरक छ । त्यहाँ उम्रने रुख/बिरुवा फरक छन् । त्यहाँको हावापानी पनि फरक छ । मानिसले लगाउने अन्नबाली फरकफरक छन् । एउटै ठाउँमा पनि त्यसअनुसारको मौसम फरकफरक हुन्छ । कहिले जाडो हुन्छ । कहिले गर्मी हुन्छ । मौसमअनुसार मानिस, जीव, वनस्पति पनि फरकफरक ठाउँबारे यस्तो विश्लेषण गर्न सक्छौं ।

**(ग) सांस्कृतिक र ऐतिहासिक भिन्नता**

भौगोलिक प्राकृतिक भिन्नताहरूका साथै यसैसँग जोडिएर आउने तथा धेरै हदसम्म यसैबाट निर्धारण हुने सांस्कृतिक भिन्नता पनि हुन्छन् । मानिसको भौगोलिक प्राकृतिक परिवेशभित्रै सामाजिक, सांस्कृतिक, ऐतिहासिक परिवेश पनि निर्माण हुन्छ । मानिस आपसमा मिलेर बस्नका लागि विभिन्न परिपाटी निर्माण गर्छन्। मानिसको घर हुन्छ । परिवार हुन्छ । मानिस-मानिसबीचका आपसी सम्बन्ध निर्माण हुन जान्छन् । परिवार, व्यक्तिबीचको आपसी सम्बन्धका आधारमा समाज/समुदाय निर्माण हुन्छ । यस्तो प्रक्रियामा मानिसको आफ्नो, आफ्नो समुदायको इतिहास निर्माण हुन जान्छ । ठाउँअनुसार मानिसको इतिहास फरकफरक हुन जान्छ । मानिसको आपसी सम्बन्धका आधारमा निर्माण हुने संस्कृति पनि फरकफरक हुँदै जान्छ । मानिस-मानिसबीच उमेर, लिङ्ग र यस्तै अरु धेरै आधारमा आपसी सम्बन्ध स्थापना हुन जान्छ र मानिसबीचकै आपसी प्रक्रियामा यी सम्बन्ध पनि परिर्वतन हुँदै जाने गर्छन् । यो मानिसको सामाजिक सिकाइको सांस्कृतिक सन्दर्भ हो ।

यिनै सामाजिक तथा प्राकृतिक परिवेशभित्र नै मानिस विभिन्न कुरा सिक्छन् । मानिसका यी परिवेश बदलिइरहन्छन् । मानिस मर्छन्, जन्मन्छन् । त्यस्तै वरिपरिको ठाउँमा पनि परिवर्तन हुँदै गर्छन् । मानिसले

आफ्ना श्रम, सिपले पनि ठाउँहरूको परिवर्तनमा महत्वपूर्ण भूमिका खेल्छन् । नेपालमा पहाडमा निर्माण भएका खेतका गह्राहरू मानिसको कैयौं वर्षको मेहनतका उपज हुन् । आफ्नो र समाजको निर्माण, पुनर्निर्माण वा नवनिर्माणका लागि मानिसले निरन्तररूपमा आफ्नो वरिपरि पाइने स्रोत, चिजबिज तथा पुर्खादेखि आर्जेका सिप, ज्ञान आदिको निरन्तर प्रयोग गरिरहन्छन् । समाजका मानिसले स्रोत, चिजबिज तथा ज्ञान र सिपहरू वितरणको निश्चित चाँजोपाँजो मिलाइरहेका हुन्छन् ।

त्यसका लागि सामाजिक रीतिथिति निर्माण हुने गर्छन् । ती स्रोत प्रयोगसम्बन्धी ज्ञान निर्माण हुँदै जान्छन् । आफ्नो खोजीमा नयाँ चीज फेला पार्दै जान्छन् वा भएका चिजको नयाँ प्रयोग निर्माण हुँदै जान्छन् । मानिस एक ठाउँबाट अर्को ठाउँमा जान्छन् । आफ्ना ठाउँबाहिरका मानिससँग सम्बन्ध स्थापना हुन्छ । त्यस्तै चिजबिज पनि विभिन्न माध्यमबाट एक ठाउँबाट अर्को ठाउँमा ओहोरदोहोर गर्छन् । मानिसले प्रयोग गर्ने चिजको उत्पादन अन्त कतै हुन्छ र विविध वितरण तन्त्रका माध्यमबाट आफ्नो ठाउँमा आइपुग्छ । यी सबै नै हाम्रा जीवनका सिकाइका सन्दर्भ हुन् । हामीले यही परिवेशमा नै सिक्ने काम गर्छौं । मानिसको सिकाइको उहिलेदेखि अहिलेसम्मको एउटा डोरो हुन्छ ।

('आलोचनात्मक शिक्षा : के किन र कसरी ?' पुस्तकबाट साभार)

**प्रेरणाका स्रोत : पाउलो फ्रेरे**

**पाउलो फ्रेरे सन् १९२१ मा** उत्तर-पूर्व ब्राजिलको रेसिफमा जन्मेका थिए । उनलाई जनमुखी एवं मुक्तिदायी शिक्षाका प्रवर्तक, चिन्तक तथा लेखकका रूपमा चिनिन्छ । उनले पेडागोजी अफ द अप्रेस्ड (उत्पीडितको शिक्षा), पेडागोजी अफ होप (आशा जगाउने शिक्षा) लगायत पुस्तक लेखेका छन् । उनको मृत्यु २ मे, सन् १९९७ मा भएको थियो ।

पाउलो फ्रेरे सानै उमेरदेखि शिक्षा तथा शैक्षिक अभ्यासप्रति आकर्षित भए । युवा छँदा नै उनले पोर्चुगाली भाषाको हाइस्कुलमा शिक्षक भएर काम गरे । त्यतिबेला उनी हुनेखाने परिवारका युवालाई पढाउँथे । भाषा, भाषाको दर्शन, भाषाको विकासक्रमबारे सँगसँगै अध्ययन गर्नाले उनलाई सञ्चारको सामान्य सिद्धान्त जान्न मद्दत गर्‍यो ।

शिक्षण प्रक्रियासम्बन्धी विचारहरूको विकास गरिरहँदा फ्रेरेले उनको जन्मथलो उत्तर-पूर्व ब्राजिलमा रहेको चुनौतीपूर्ण सामाजिक यथार्थहरूको सामना गर्नुपर्‍यो । उनले सानैदेखि समाजबारे अनौपचारिकरूपमा मसिनो अध्ययन गरे । सन् १९४० ताका ब्राजिलमा अशिक्षित मानिसले आफ्नो मताधिकार प्रयोग गर्न पाउँदैनथे । त्यो विभेदकारी नीतिले फ्रेरेलाई भित्रदेखि नै छोएको थियो । निरक्षर हुँदैमा आफूलाई मन परेको नेता चुन्न नसक्ने वा नपाउने हुन्छ त ? यो प्रश्नले बारम्बार उनलाई घच्घच्याइरह्यो । यसबीचमा आफू पढ्ने विश्वविद्यालयकी शिक्षिका एल्जासँग उनको विवाह भयो । आफ्नी श्रीमती एल्जा र चर्चसँग सम्बन्धित उनकी आमाको सहयोग अनि हौसलाका साथ फ्रेरे सन् १९५० को दशकबाट निरक्षर मानिसलाई साक्षर बनाउने काममा जुटे । यद्यपि त्यतिबेलाको उनको साक्षर बनाउने प्रयासले उत्पीडितहरूको आर्थिक, सामाजिक, राजनीतिक आदि कुनै पनि अवस्थामा परिवर्तन ल्याउन भने सकेन ।

सन् १९५९ मा उनले आफ्नो शोधपत्र विश्वविद्यालयमा पेश गरे । त्यसपछि उनी सन् १९६२ मा सांस्कृतिककर्मीहरू तथा कलाकर्मीहरूको एक समूह लिएर गाउँ र बस्ती पस्न थाले । उनीहरू गाउँमा गएर गाउँलेको नक्शा उतार्थे भने त्यस नक्शालाई फ्रेरेले गाउँलेसँग बसेर छलफल चलाउँथे । १९६३ मा उनले ब्राजिल शिक्षा योजनाको संयोजक बनेर काम गरे । उनले त्यसबेला २०,००० सांस्कृतिक केन्द्र स्थापना गर्ने लक्ष्य राखेका थिए । यस्ता केन्द्रले समुदायलाई आफ्नो जीवन, जीविका र सिङ्गो समाजबारे विश्लेषण गर्न प्रेरित गर्थे । साथै यस्तो सामूहिक मन्थनको प्रक्रियाबाट जनसमुदायको समग्र सचेतीकरण तथा शैक्षिक क्षमता उठाउने लक्ष्य राखिएको थियो । त्यसका लागि उनले ८ महिने तालिम पनि सञ्चालन गरे ।

त्यसको छोटो अवधिभित्र नै ब्राजिलमा सैनिक विद्रोह भयो र सञ्चालन भएका केन्द्र पनि असफल भए । तर पनि उनले आफ्नो अभियानलाई आफ्नै हिसाबबाट निरन्तरता दिइरहे । त्यस क्रममा सरकार अपदस्थ हुन पुग्यो र त्यहाँको सैनिक शासकहरूले उनलाई कारागारमा हाले । ७० दिनपछि उनलाई छाडियो । छुटेपछि उनी ब्राजिलबाट निर्वासित भएर प्रवासीका रूपमा चिलीमा बस्न थाले । त्यहाँ उनले कृषि अनुसन्धान तथा सुधार र प्रौढ शिक्षाको सल्लाहकार भएर काम गरे । उनले त्यहाँ करिब ९० प्रतिशत जनतालाई साक्षर बनाउने योजना अघि सारे । यता ब्राजिलमा इ. सं. १९८२ मा प्रजातन्त्र स्थापना भयो । त्यसपछि पुनः स्वदेश फर्केर श्रमजीवी दलसँग नजिक रहेर त्यसको सचिव भई आफ्नो पार्टीलाई स्थानीय सरकारमा पुऱ्याउने काम गरे । त्यस क्रममा पनि अशिक्षितहरूलाई शिक्षित पार्ने उनको अभियान निरन्तर रह्यो ।

**फ्रेरेको शिक्षासम्बन्धी अवधारणा : केही महत्वपूर्ण पक्ष**

(क) **समग्र सचेतीकरण**

फ्रेरेको शिक्षासम्बन्धी अवधारणाको मुटुको रूपमा मानवताको अवधारणा छ । उनको विचारमा सामाजिक जीवनको लक्ष्य भनेको नै संसारलाई मानवीयकरण गर्नु हो । मानवीयकरण भनेको त्यस्तो प्रक्रिया हो जसबाट प्रत्येक व्यक्तिले उभित्र क्रियाशील शक्ति पहिचान गर्छ, त्यो शक्तिको पुनरावलोकन गर्छ र संसार रूपान्तरणका लागि योग्य बन्छ । मानव हुनु भनेको एउटा यस्तो कर्ता बन्नु हो जसले आफ्ना रुचि निर्धारण गर्छ र आफ्नो भविष्य निर्देश गर्न लागिपर्छ । स्वतन्त्र हुनु वा कर्ता हुनु भनेको आफू को हो र कसरी आफू वरपरको सामाजिक संसारबाट बनेको छु भन्ने कुरा थाहा पाउनु हो । सामाजिक संसार र वातावरणले एउटा व्यक्तिको सचेतनता र दार्शनिकताको प्रकृति निर्धारण गर्छ । सामाजिक संरचना र वातावरणको ज्ञान नभइकन मानवीयकरण सम्भव छैन । मानवीय संसारको विपरीत फ्रेरेकै शब्दमा अमानवीय संसार हाल अस्तित्वमा छ । त्यो संसार जहाँ स्वसचेतनता हुँदैन र हाम्रो अस्तित्व निर्धारण गर्ने ऐतिहासिक शक्तिहरूबारे जानकारी नै हुँदैन । उनको विचारमा यो जानकारीबिना मानिस इतिहासका पात्र बन्न सक्दैनन्, उनीहरू खाली इतिहासद्वारा प्रयोगमात्र हुन्छन् ।

**मौनताको संस्कृति**

अमानवीय संसारले जन्माएको शोषणको उपज मौनताको संस्कृति हो । फ्रेरेको विचारमा यो संस्कृति कि सामान्य अज्ञानताको उपज हुनुपर्छ कि त शिक्षाकै कारणबाट उत्पादित हुनुपर्छ । अमानवीय सामाजिक संरचनाले कसैलाई उत्पीडक बनाइदिएको छ भने कसैलाई उत्पीडित बनाइदिएको छ । उत्पीडकहरूको संस्कार कस्तो छ भने उनीहरू आफूलाई सबैको मालिक, सबैभन्दा श्रेष्ठ, सबै कुरा जान्ने, अरु सबैले आफूले

भनेको मान्नुपर्ने र बाँकी मान्छे भनेका आफूभन्दा निच, असभ्य, अबुझ र विचरा हुन् भन्ने ठान्छन् । त्यसैले उत्पीडक संस्कारमा हुनेहरू आफ्नो काम बोल्ने, अरुलाइ उपदेश दिने, शिक्षा दिने तथा सर्वसाधारणको काम चूपचाप लागेर सुन्ने र अरुले आदेश दिएअनुसार काम गर्ने हो भन्ने ठान्छन् । उत्पीडकहरूको संस्कृति शक्तिशाली भएकाले उत्पीडित मान्छेहरूसमेत आफूलाई अबुझ, लाटालाटी, नजान्ने र अन्धो ठान्छन् । उनीहरू आफूलाई अज्ञानी ठान्छन् र ठूलाबडाको आदेश मानेर चल्नु आफ्नो धर्म ठान्छन् । यो नै मौनताको संस्कृति हो । शिक्षाले मान्छेलाई मौनताको संस्कृतिबाट मुक्त हुन सघाउनुपर्छ- उत्पीडक र उत्पीडित दुवै मुक्त हुन सक्छन् ।

फ्रेरेको विचारमा प्रत्येक क्रियाकलापलाई सिर्जनात्मक काम भन्न मिल्दैन । त्यो क्रिया जुन आफ्नै प्रयास र चेतनाका आधारमा, उसको कार्य तथा विधि प्रक्रिया निर्माण गर्न सक्ने सम्भावनाका आधारमा, ती विधि प्रक्रियालाई ऊ र उसको कामको वस्तुबीच मध्यस्थ गर्ने सिपका आधारमा, उद्देश्यका आधारमा र परिणामबारे पूर्वसचेतनताका आधारमा गरिएको हुन्छ, त्यो नै वास्तविक काम हो ।

**(ख) शिक्षक-विद्यार्थी सम्बन्ध**

फ्रेरेले बारम्बार विद्यार्थीबाट पनि सिक्न सकिन्छ र सिक्नुपर्छ भन्ने कुरालाई जोड दिएका छन् । विद्यार्थीबाट सिक्ने मानसिकता तयार गर्न एकोहोरो, रोषपूर्ण र ठालु प्रवृत्तिको परम्परागत शिक्षण प्रक्रियाभन्दा अलग हुन सक्नुपर्छ जुन शिक्षण प्रक्रियाले शिक्षकलाई सबै कुरा थाहा हुने र विद्यार्थीलाई केही थाहा नहुनेरूपमा लिएको छ । यसो भनेर उनी शिक्षक र विद्यार्थीबीच केही फरक नै छैन भन्न चाहिरहेका छैनन् । उनको विचारमा शिक्षक र विद्यार्थीबीच फरक अवश्य छ तर त्यसलाई उनी सामान्य फरक वा पुस्ताको फरक मान्छन् । सूचना र ज्ञानको किसिम वा तह पनि फरक हुन सक्छ । तर दुवैमा सिक्ने क्षमता छ ।

**(ग) सिर्जनशील अभ्यास**

फ्रेरेले हरेक काम गरेपछि त्यसको समीक्षा तथा संश्लेषण गर्नुपर्ने अनि त्यसपछि मात्र फेरि त्यो कामलाई निरन्तरता दिनुपर्ने कुरामा जोड दिएका छन् । उनको विचारमा उत्पीडितहरू उत्पीडित रहिरहनुको कारण समीक्षा तथा संश्लेषण गर्ने मौका नपाएर हो । काम-समीक्षा, संश्लेषण-काम (एक्सन-रिफ्लेक्सन-एक्सन) लाई फ्रेरेले सिर्जनशील अभ्यास भनेका छन् । सामाजिक परिचालनको स्रोत भनेको नै समीक्षा र संश्लेषण हो । समीक्षा र संश्लेषण राम्ररी भएको छ भने त्यसपछि हुने प्रयास सचेत प्रयास हुन्छ ।

**शिक्षामा काम गर्ने कार्यकर्तालाई पाउलो फ्रेरेको पत्र**

**प्रौढ शिक्षाको राजनीतिक पक्ष**

लेख्न/पढ्न नसक्नेलाई पढ्न/लेख्न सिकाउने काम जुन उपनिवेश कालमा बिलकुलै वञ्चित थियो, जनसाधारणलाई साक्षर बनाउने भन्ने निर्णय गर्नु नै एक राजनीतिक कार्य हो । साक्षर बनाउनु भनेको फगत अक्षर पढ्नु, लेख्नु, हिसाब गर्न जान्नुसँग मात्र सम्बन्ध छ भन्ने कुरा गलत हो । वास्तवमा कुनै पनि शिक्षा तटस्थ रहनै सक्दैन । प्रत्येक शिक्षा कार्यक्रममा राजनीतिक तत्व रहेकै हुन्छ ।

राजनीतिक शिक्षकको महत्वपूर्ण काम भनेको सहभागीलाई आफ्नो जीवनको वास्तविकता देखाउनु अथवा अवगत गराउनु हो । यसका लागि दुनियाँको हरेक परिस्थितिलाई सूक्ष्मरूपमा सोच्ने, अध्ययन गर्ने क्षमता वृद्धि

गरी उनीहरू आफैँद्वारा समाजमा के/कस्तो परिवर्तन भइरहेको छ पूर्णरूपमा तथा सहीरूपमा अवगत गराउनु हो । यस कार्यबाट मानिसमा यो पैदा हुनुपर्छ कि सहजकर्ताको साथ वास्तविकता हेरोस्, बुझोस्, जाँचोस् र परिवर्तनका लागि एक सच्चा क्रान्तिकारी (संवाहक) बनोस् अनि परिवर्तनका लागि बाटोमा आउने हरेक बाधासँग डटेर मुकाबिला गरोस् ।

**ज्ञान वृद्धि पक्ष**

उपनिवेश कालमा शिक्षकको काम विद्यार्थीको दिमागमा सिर्फ ज्ञान भर्नेमात्र हुने गर्थ्यो । यस्तो ज्ञानका लागि वास्तविकता लुकाएरमात्र अक्षर रटाइन्थ्यो । र, विद्यार्थीले त्यही रट्थे । हामी प्रौढ कक्षालाई प्रौढशाला नभनी सांस्कृतिक मण्डल भन्छौँ र सहभागीलाई अनपढ नभनी स्वयं शिक्षा ग्रहण गर्नेवाला प्रौढ भन्ने गर्छौं । साक्षरता पाठलाई चर्चा (छलफल) सत्र भन्ने गर्छौं । यसबाट नै प्रौढहरू आफ्नो वास्तविकताबारे सङ्क्षिप्त तथा सूत्रात्मक शब्दबाट छलफल तथा छानबिन उनीहरूबाट नै गर्ने गर्छन् । सांस्कृतिक मण्डलमा शिक्षक र विद्यार्थीबीच एकतर्फी ज्ञान दानमात्र रहन सक्दैन । त्यहाँ शिक्षकको भूमिका परस्पर सम्वादबाट अर्थात शिक्षकले विद्यार्थीबाट पनि धेरै कुरा सिक्छन् । यस्तो किनकि सिक्ने/सिकाउने प्रक्रिया एकतर्फीमात्र हुँदैन ।

**राष्ट्र निर्माणको सन्दर्भमा शिक्षा**

प्रौढ शिक्षा कार्यक्रम शासक वर्गले श्रमिक वर्गलाई चूप लगाएझैँ हैन, यो यस्तो अभ्यास हो जसमा सांस्कृतिक मण्डलको नेता तथा प्रौढ शिक्षार्थी मिलेर आफ्नो वास्तविकताको अध्ययन गर्न सकून्, लेख्न सकून् । आफ्नो दुनियाँको सूक्ष्म कुराहरू पनि समीक्षा गर्न सकून् । द्रुतगतिमा बदलिइरहेको वास्तविकतामा आफ्नो स्थान बनाउन सकून् ।

हाम्रो वरिपरिको वातावरण र परिस्थिति अटल छैन । जस्तो छ उस्तैलाई स्वीकारी त्यसअनुरूप आफू ढालिनु हाम्रो नियति हैन । यो कुरा बुझ्न जरुरी छ कि समाज गतिशील छ । दुनियाको बारेमा तीक्ष्ण दृष्टि राखी समीक्षा गर्नु भनेको वर्तमानको वास्तविकता र त्यसपछाडिको कारण जान्नुपर्छ ।

यस्तो कार्यले सामाजिक, आर्थिक तथा राजनीतिक दुनियाँ बदल्न सक्छ । यस दुनियाँ समाज निर्माणको आधार हो र समाज सङ्गठनको मूल आधार हो । यसलाई जान्नका लागि उत्पादन पद्धति, उत्पादन शक्ति, नियोजन तरिका र यसको उपयोगबारे जान्न जरुरी छ । सांस्कृतिक मण्डल यस्तो स्थान हो जहाँ व्यक्तिहरू आफ्नो समस्याबारे छलफल गर्छन्, सङ्गठित हुन्छन् र सामूहिक हितको विशेष गतिविधि तय गर्छन् ।

जनतालाई सङ्गठन गरेर उनीहरूको वास्तविकता समीक्षा गरेर उनीहरूको अवस्था र यस्तै अन्य समस्या जान्न, बुझ्न तथा समस्याको समाधान खोज्न उनीहरूलाई नै प्रेरित गर्नतर्फ प्राथमिकता दिनुपर्छ । अर्को शब्दमा कहिलेकाहीँ कृषि उत्पादनको सहकारी समिति वा मलेरिया उन्मूलन जस्तो कार्यमा जनतालाई सङ्गठित पनि गराउनुपर्ने हुन्छ । प्रायः साक्षरताको आवश्यकता अनुभव गाउँको जनतालाई यस्तो विकाससम्बन्धी कार्यमा लगाउन वाञ्छनीय हुन सक्छ । सारांश यो हो कि प्रौढ सहायक कार्यकर्ता त्यस अवस्थामा सफल हुन्छ जब त्यसलाई समाजको पुनर्निर्माण प्रक्रियाको एक अङ्गका रूपमा लिइन्छ र त्यसमा पूर्ण योगदान दिइन्छ ।

## रिफ्लेक्टमा सहजकर्ताको भूमिका :



साक्षरता कक्षालाइ प्रभावकारी बनाउनमा सहयोगीको पनि ठूलो भूमिका रहन्छ । कुनै पनि साक्षरता विधि सहभागीमूलक भएपनि यदि त्यसलाइ प्रयोग गर्ने सहयोगीको विचार तथा व्यवहार सहभागीमूलक भएन भने त्यसले साक्षरता सिकाइ प्रक्रियालाइ प्रभावकारी बनाउन सघाउँदैन । नेपालमा रिफ्लेक्ट विधिका सफल कथाहरुको अध्ययन गर्दा सहयोगीको भूमीकाले पनि सफलताका लागि उल्लेखनीय रुपमा सहयोग गरेको पाइन्छ । सहयोगीहरुले मुख्य रुपमा निम्न भूमिका खेलेको देखिन्छ ।

**आशाको सिर्जना गर्ने :** सवालसँग सम्बन्धित परिवर्तन सम्भव छ भनि समुदायमा अठोट जगाउनु पर्छ । यसका लागि सफलताका घटनाक्रम, ऐतिहासिक घटना परिवेशबारे जानकारी गराउन सकिन्छ ।

**समुदायको आन्तरिक बल पत्ता लगाउने :** सामाजिक परिवेश विश्लेषण माध्यमबाट समुदायमा स्रोत साधनको उपलब्धता र त्यसमाथिको पहुंच, अधिकारबाट बञ्चित र शोषण र अन्याय गर्ने व्यक्तिको वस्तुगत यर्थाथतामा छलफल गरी उनिहरुको बल कुन कुरामा छ, खोजी गरी देखाउनु पर्दछ ।

**अभिव्यक्तिको अवसर सिर्जना गर्ने :** समुदायका मान्छेहरुलाई अभियानकर्ताले अभिव्यक्तिको पुर्ण स्वतन्त्रता प्रदान गर्नु पर्छ । फ्रेरेले भने जस्तै कक्षाकोठामा लोकतान्त्रिक ढगंले पढाई हुनुपर्छ । यसो हुन सकेन भने एकपक्षीय विषय केन्द्रित ठालुमुखी शैक्षिक अवस्थाको मात्र सिर्जना हुन्छ ।

**दृस्यात्मक प्रस्तुतिकरणः** सवाल केन्द्रित समुदायलाई उर्जाशिल र जागरुक बनाई राख्न सफलताका घटना, अनुभवको आदान प्रदान चाहेको परिवर्तनको प्रारुपबारे छलफल चलाई रहनुपर्छ । भने महशुसीकरणका लागि बढिभन्दा बढि देखिने (दृश्यात्मक) विधी र औजार प्रयोग गर्नुपर्दछ

**पक्ष लिने :** अभियानकर्ताले जहिले पनि शोषित वर्गको पक्षमा उभिनु पर्छ । उसले जहिले पनि सवाल केन्द्रित समुदायको निकट रही विभिन्न विचारको आदान-प्रदान गरी आन्तरिक रुपमा ससक्त पार्दै लैजानुपर्छ । तपाईलाई सहभागीले हाम्रो मान्छे हो भन्नेमा विश्वस्त हुनुपर्दछ ।

**मित्रवत व्यवहार गर्नेः** अभियानकर्ताले समुदायका सबै (पक्ष विपक्ष) सबै वर्गसँग मित्रवत व्यवहार गर्नुपर्छ । यसका लागि अभियानकर्ताले सवालको पक्षमा आफुलाई उभ्याउनु पर्दछ । व्यक्ति हेरेर कुरा गर्नु हुदैंन ।

**सवालगत ऐक्यवद्धताका लागि सरोकारवालावीच समन्वय गर्नेः** कुनै पनि सवाल एउटा व्यक्ति वा सस्थाले वकालत गर्ने ठेक्का नभई यो सार्वजनिक सरोकारको विषय हुनुपर्छ । पिडित वर्गले वकालत गर्ने सवालमा सहयोगिका लागि समन्वय गराई दिने काम गर्नु पर्छ । सवालहरुलाई आमरुपमा खुल्ला गर्दै समुदायका सबै पक्षहरुमा बहसको माध्यम बनाउने  र सबैको आकर्षणको विषय वस्तु वनाउनु पर्छ ।

**सुचनाको सही सम्प्रेषण :** सामुदायिक अभियानकर्ताले सहभागिमुलक पद्दतिबाट सूचनाको जानकारी सम्बन्धित सबैलाई गराउनु पर्छ । यसो नगरेको खण्डमा दुविधामा पर्ने र अस्पष्टता बढने हुन्छ ।

**भनाई र गराई विच एकरुपता :** अभियानकर्ताले समुदायमा काम गर्दा जे भनिन्छ । त्यसलाई पुरा गर्ने र गरिएका कुरा मात्र भन्दै जानुपर्छ । जसका कारण समुदायलाई सहजकर्ता प्रति आस्था र विश्वास पैदा हुने गर्दछ ।

**विषयवस्तु नकोच्ने :** अभियानकर्ताले विश्लेषणको प्रक्रियामा सघाउने, विषयवस्तुनै आफैंले दिने हैन । पुर्वतयारी गर्ने तर बनीबनाउ विषय पस्किने हैन ।

## रिफ्लेक्टमा सर्कलका आधार :

रिफ्लेक्ट सर्कल मा सहभागी र सहजकर्ता बीचको फरक बाहिरी श्रोताहरुले पहिचान गर्नुहुन्न । यहि कारण यसलाई रिफ्लेक्ट सर्कल पनि भनिएको हो । जहाँ सहभागीहरु एक गोलोमा बस्छन् र कुनै पनि तनाव बिनै आफनो् समस्या एक आपसमा खोल्छन् । यसमा बोल्न मौका सबैलाई बराबर प्रदान गर्नुपर्दछ । निष्पक्ष छलफलले नै प्रभावको आधार तयार गर्दछन् ।



यस्तै रिफ्लेक्ट सर्कलका आधारलाई निम्न उल्लेखित बुदाँमा विस्तृतरुपले व्यख्या गरिएको छ :

**सबैको स्वर बराबर :** यो रिफ्लेक्ट सर्कलको सबैभन्दा मुलभूत आधार हो । सहभागीमुलक प्रक्रियाबाट संचालित यस रिफ्लेक्ट अवधारणमा कोही बलियो , कोही कमजोर भन्ने हुदैंन् । सबैको समान समस्या हुदैंन् ,समाधानका प्रक्रिया पनि फरक फरक हुन्छन् । यसका लागि सबैले आफनो् भनाई राख्ने मौका हासिल गर्नुपर्दछ । सहजकर्ता यसमा मुख्य भूमिका हुदछ ।

**बिन्ती हैन् अधिकार :** सशक्तिकरणका लागि संचालित रिफ्लेक्ट सर्कल  मा सहभागीहरुलाई माग्न भन्दा पनि आफनो् हक प्राप्तीका लागि झकझकाउनु पर्दछ । अधिकार आफैं हासिल गर्ने कसै सँग माग्ने वा बिन्ती गर्ने हैन भन्ने सन्देश रिफ्लेक्टले प्रदान गर्नुपर्छ । अधिकार खोजीका लागि सहभागीलाई परिचालन गर्ने जिम्मा सहजकर्ताको हुन्छ ।

**आफनो् अवस्थाबारे बोल्न, आफनो जिन्दगी लेख्न र परिवर्तन गर्न प्रोत्साहित गर्नु :** अन्यायका विरुद्ध बोल्नका लागि अध्ययन र तथ्यको जानकार हुन आवश्यक छ । रिफ्लेक्ट छलफलमा मात्र सिमित नभई सहभागीहरुको अवस्था विश्लेषण गर्ने, लेख्न सिकाउने तथा परिवर्तकका लागि लड्न प्रोत्साहन गर्ने किसिकको हुनुपर्दछ ।

**<u>कम्तिमा साप्ताहिक भेटघाट, अलि लामो समय छलफल :</u>** नौ दिनमा नौलो बीस दिनमा बिर्सयो भन्ने सिद्धान्तले परिवर्तन हासिल गर्न सकिन्न । यसका लागि निरन्तर प्रयास र योजनाबद्ध ढंगमा अघि बढ्न जरुरी छ । रिफ्लेक्ट सर्कल  साप्ताहिक १ पटक छलफल हुनै पर्छ । जसका कारणले सहभागीहरु केन्द्रमा आउने र समस्या आदान प्रदान गर्ने बानीको विकास हुन्छ । यस्ता छलफलमा समयको सदुपयोग गर्न आवश्यक छ ।

**<u>स्थानीय सामग्रीको प्रयोग :</u>** छलफललाई दिगो बनाउनका लागि स्थानीय सामाग्रीको प्रयोग एक अत आवश्यक आधार हो । रिफ्लेक्ट अवधारणा हो । यसमा कुनै पनि संस्थाको सहयोग आए केन्द्र सञ्चालन हुने र सहयोग नभए बन्द हुने गर्ने हुन्न । यसका लागि स्थानीय सामग्रीको प्रयोग गरि मित्तव्यी बनाउने नै यस केन्द्रको आधार हो ।

**<u>सहभागीमूलक विधि तथा औजारको प्रयोग :</u>** हरवाचरवा समुदाय धेरै सिमान्तकृत वर्ग हो । यसमा अशिक्षित वर्ग धेरै हुन्छन् । सबैले भाषण वा छलफलबाट मात्र बुझ्न सकिन्न । यसका लागि सहभागीमूलक विधि तथा औजारको प्रयोग गर्नु पर्दछ । चित्रात्मक विधिको प्रयोग र समुदायका मानिसलाई केन्द्रमा निरन्तर ल्याउनका लागि सफल हो ।

**<u>काम-समीक्षा-उन्नत काम :</u>** कुनै एक विषयमा छलफल गर्ने , त्यो सवालको विषयमा समाधान गर्ने मात्र कार्यमा रिफ्लेक्ट सर्कल  सिमित हुन्न । रिफ्लेक्ट निरन्तर प्रक्रिया हो । यसका लागि समीक्षा गर्न आवश्यक छ । रिफ्लेक्टमा पहिले गरेका कामको समीक्षा र त्यही अनुरुप पछि उन्नत कामको विकास गर्न जरुरी छ ।




रिफलेक्टका आधारहरुको चित्रात्मक प्रस्तुती

## सहभागीतामूलक बिधि तथा औजार :

**मौसमी पात्रो (Seasonal Calendar) :**



बाह्र महिनामा मानव जीवनमा आइ पर्ने समस्याहरुलाई चित्रद्धारा देखाएर पूर्व सचेत भई जनधनको क्षतिबाट कुनै पनि समूह वा समुदायको अवस्था विश्लेषण गर्ने र जिम्मेवारी पूरा गर्ने विधि प्रक्रियालाई मौसमी पात्रो भनिन्छ। तिथिमिति फेरिँदा मौसम वा ऋतु मात्र फेरिने होइन मान्छेको जीविका प्रणाली, खेतीपाती व्यवस्था र स्वास्थ्य स्थितिमा समेत परिवर्तन हुन्छ । वर्षामा झाडा पखालाले दुःख दिने त्यही गाउँका मान्छेलाई हिउँदमा चिसोले रुघाखोकी लाग्ने, टाउको दुख्ने र गर्मीमा लु लाग्ने, कालाज्वर आउने हुन सक्छ । समुदायको मानिसहरु कुन महिनामा के काम गरेर व्यस्त वा कुन महिनामा फुर्सतको समय थाहा पाउने, रोगव्याधी फैलने, सर्ने बारे थाहा पाउन सके अगावै सो रोगको बारेमा थाहा पाई समुदायलाई सचेत गर्न सक्ने, त्यसबाट बच्नको लागि तयार पार्न समुदायको फुर्सदको समय थाहा पाइ सोही समयमा कार्यक्रमहरु राखेर सञ्चालन गर्ने जस्ता उद्देश्यका लागि मौसमी पात्रोको प्रयोग गरिन्छ । *(समूहकार्यमा तयार गरेको मौसमी पात्रो अनुसुची ५)*

**रिफ्लेक्ट सर्कलमा मौसमी पात्रोको प्रयोग :**

मौसमी पात्रोले कुन मौसममा के काम गरिन्छ भन्ने कुरा देखाइन्छ । यसले पूर्व सूचना र समस्या समाधान गर्ने उपयुक्त समयका रुपमा प्रयोग गरिएता पनि यसलाई विभिन्न सवालहरु राखेर पनि समाधान गर्नको लागि सहयोग पुग्छ । सवाल अनुसार शीर्षक पनि परिवर्तन गरेर बहु उद्देश्य बनाउनमा सहजकर्ताले भूमिका निर्वाह गर्न सकिन्छ । हरवाचरवा समुदायका फुर्सदका महिना, व्यस्त महिना, खानामा समस्या, खाना पुग्ने महिना, ऋण लिने महिनाका जानकारी गरि छलफल चलाउनका लागि यसको प्रयोग गर्न सकिन्छ ।

**सहजकर्तालाई सुझाव :**

- पात्रोलाई पात्रोका रूपमा मात्र प्रयोग नगरी, त्यस्तो अवस्था सिर्जना हुनुको कारण, त्यो अवस्थाले निम्त्याएका समस्या र विकल्प खोजीमा बढी ध्यान दिई छलफल गर्नुपर्ने हुन्छ । अन्यथा यो विधिका रूपमा मात्र सीमित हुनेछ ।
- यसलाई प्रयोग गर्दा अवस्था र चाहना अनुसार एउटा सवालको समाधान गर्दा यस अन्तर्सवाल लाई पनि छलफलमा ल्याई अन्तिम चरणसम्मको स्पष्ट रुपमा सचेत गरी उनीहरुको अगुवाईमा समाधान गर्नु पर्छ ।
- सूचना सङ्कलन मात्र गर्नुको कुनै अर्थ छैन, त्यसलाई विश्लेषण गरी कार्यान्वयनमा ल्याउनुपर्छ । ती सवाल र समस्यालाई समाधान गर्दा सहभागीको हित हुन्छ भन्ने निर्क्यौल भएपछि मात्र सवाललाई उठान गर्नु पर्छ ।

- सवाल उठान गरेपछि समाधानका विकल्पहरु पनि सोच्नु पर्छ । यदि त्यो समाधान हुदा कसैलाई मर्का पर्छ भने उसको वैकल्पिक उपायहरु सहित गरिएको हुनु पर्छ । कोही विस्थापित वा पीडित बनिनु हुदैन ।
- ऋण लिनुपर्ने समय कुन हो र किन ऋण लिइरहेका छन् । उनीहरूलाई ऋण लिनुपर्ने अवस्था नै किन पऱ्यो । ऋण नलिने अवस्था ल्याउन के गर्नुपर्छ ? जस्ता कुरा रिफ्लेक्टमा छलफल गर्नुपर्ने हुन्छ । यसो भएमा उनीहरूले सहयोग प्राप्त गरेको महसुस गर्नेछन् । सहभागिता बढ्नेछ र सहभागी सशक्त हुनेछन् ।

**गतिशील नक्सा (Mobility Map):**




गतिशील नक्शाले समुदायका मानिसहरुको सम्बन्ध, पहुँचको विश्लेषण गराउँदछ । कुनै पनि क्षेत्रमा बसोबास गर्ने व्यक्ति, वर्ग र समूहले आफ्नो आवश्यकतानुसार विभिन्न क्रियाकलापहरुको लागि कहाँ-कहाँ जाने गर्छन् भनी लेखाजोखा गर्न यस नक्साबाट मद्दत पुग्छ । एउटा समुदायका व्यक्तिहरूको बाहिरी संघसंस्थासँगको सम्बन्ध र उनीहरूको निर्णय गर्ने क्षमता वा सोचाइमा प्रत्यक्ष सम्बन्ध स्थापित हुन्छ। आफ्नो समुदायबाट बाहिरतिर आवत-जावत गर्नाले राम्रो सम्पर्क भएकोले सम्पन्नता, स्वतन्त्रता र सशक्तिकरण पनि हुन्छन् । कुनै समुदायको अर्को ठाउँसंग के कस्तो सम्बन्ध रहेछ भनी विश्लेषण गर्ने, कुनै पनि समुदायको पहुँच कहाँ कहाँसम्म कुन विषयमा सम्पर्क रहेको छ भन्ने अध्ययन गर्न, कुनै पनि समुदायको लागि विभिन्न स्रोतहरुको आवश्यकता र उनीहरुले गर्ने सम्पर्क, सम्बन्धबारे विश्लेषण गर्न यसको मुख्य उद्देश्य हुन् ।

*(समूहकार्यमा तयार गरिएको गतिशीलता नक्सा अनुसुची ५)*

**रिफ्लेक्टमा गतिशील नक्साको प्रयोग :**

रिफ्लेक्टमा महिलाको पहुँच फरक वर्ग अनुरुप विश्लेषण गर्न, हरवाचरवाको सीमित पहुँच दर्शाउन, वकालतका लागि दस्तावेजको रुपमा प्रयोग अधिकार दाबी आदि गर्नका लागि गतिशीलता नक्साको प्रयोग गर्न सकिन्छ ।

**सहजकर्तालाई सुझाव :**

- सूचना लिँदा एक पटकमा एउटा विषयलाई मात्र लिने (जस्तोः सर्वप्रथम बाढीको असर र प्रभाव कम गर्न कहाँ-कहाँ जाने गरेको छ भनी सम्पूर्ण सूचना सङ्कलन गरिसकेपछि मात्र पहिरोको असर र प्रभाव कम गर्न कुन-कुन ठाउँमा जाने गरिन्छ भन्नेबारे छलफल गर्ने) ।

**<u>परनिर्भरता विश्लेषण (Dependency Analysis) :</u>**



कुनै पनि समुदायमा रहेका वर्गको के के कार्यमा के कस्तो सम्बन्ध कहाँसम्म रहेको छ भन्ने विश्लेषण सहितको जानकारी गराउने विश्लेषणलाई नै परनिर्भरता विश्लेषण भनिन्छ । कुनै पनि समुदायमा धनी, गरिब, अति गरिब र अति धनी वर्गका मानिसहरु आफ्नो आवश्यकता पुरा गर्नका लागि अर्को वर्गका मानिसमाथि निर्भर भएका हुन्छन् । यिनै निर्भर हुने विषयवस्तुलाई देखाउने चित्रलाई नै परनिर्भरता विश्लेषणको चित्र भनिन्छ । कुनै पनि क्षेत्रमा बसोबास गर्ने, वर्ग आफ्नो आवश्यकतानुसार विभिन्न क्रियाकलापहरुको लागि कुन कुन वर्गका मानिस सँग सहयोग लिन्छन् भन्ने विश्लेषण यसले गर्छ । *(समूह कार्यमा तयार गरिएको परनिर्भरता विश्लेषण अनुसुची ५)*

**रिफ्लेक्टमा परनिर्भरता विश्लेषणको प्रयोग :**

रिफ्लेक्टमा कसरी धनी र मध्यम वर्ग पनि हरवाचरवा समुदायको सहयोगमा निर्भर गर्छ भनेर यस विश्लेषणबाट देखाउन सकिन्छ, जसका कारण दुवै वर्गलाई हरवाचरवा समुदायको महत्वबारेमा थाहा हुन्छ । यसले अधिकारको यस आन्दोलनमा यी समुदायको सहयोग या वकालतका लागि पनि उपयोग गर्न सकिन्छ ।

**सहजकर्तालाई सुझाव :**

- सूचना लिँदा वा सुचाँङ्क तयार गर्दा एकदम सुक्ष्म रुपमा तयार गर्नुपर्दछ ।

## प्रश्नकला :

हरवाचरवा समुदाय सिमान्तकृतवर्गका हुन् । धेरै अशिक्षित र आफनो् समस्या खुलेर भन्ने नसक्ने भएका रिफ्लेक्ट सर्कल मा समस्या जानकारी हासिल गर्न कठिनाई हुन्छ । यसकै लागि प्रश्नकलाको विकास रिफ्लेक्ट सहजकर्तामा हुन आवश्यक छ ।

रिफ्लेक्ट सहजकर्ताका लागि प्रश्नकला सम्बन्धी मुख्य बुदाँहरु यस प्रकारका छन् :

- समुदायमा उत्तर भन्दा पनि प्रश्न बढि लिएर जानुपर्छ । सहभागीमूलक तवरले मात्र समुदायको समस्या समाधान गर्न सकिन्छ । त्यसैले सहजकर्ता सधै आफुले नै उत्तर लिएर समुदायमा प्रदान गर्नुभन्दा पहिले प्रश्न गरि समुदाय बाटै उत्तरको खोजी गर्ने कार्यमा लाग्नुपर्छ ।
- प्रश्न सधै खुल्ला हुनुपर्दछ । समुदायलाई बाध्नु भन्दा पनि खोल्ने प्रशस्त अवसर प्रदान गर्नुपर्दछ । हो, होइन, छ, छैन् हुन्छ, हुदैंन जस्ता उत्तर आउने प्रश्नलाई केन्द्रमा कम प्रयोगमा ल्याउनु पर्छ । जस्तै : तपाईले ऋण लिए बापत सहुलाई कति तिर्नुपर्दछ, कुन कुन दिन तपाई व्यस्त हुनुहुन्छ आदि
- प्रश्न सधैं सरलबाट सुरुवात गर्नुपर्दछ, प्रश्नका उत्तर सबै सहभागीहरुले दिन सक्ने किसिमले विकास गर्नुपर्दछ ।

- प्रश्न गर्दा समुदायलाई आफनो व्यथा र समस्याका बारेमा केही भन्नम्, कसैले मेरो समस्याको समाधान खोज्छ भन्ने भाव उत्पन्न पार्न सक्नु पर्दछ । दुविधा युक्त प्रश्नलाई सकेसम्म प्रयोग गर्नुहुन्न । जस्तै तपाईले ऐलानी जग्गाको मालपोत कहाँ बुझाउनु हुन्छ ? यस्ता प्रश्न जसको जवाफ दिन समुदायलाई मुश्किल हुन्छ ।
- मानिस सामाजिक प्राणी हो । यसमा केहि बालापन देखि कै बानीहरुको विकास भएको हुन्छ । थेगो पनि यस्तै एउटा बानी हो । यसको प्रयोगमा ध्यान पुऱ्याउनु पर्दछ की यसले समुदायलाई ठेस नर्पुयाओस् भनेर
- समुदायसँग सबै प्रश्नको उत्तर हुन्छन् र दिन पनि मान्दैनन्, यसमा सहजकर्ता सर्तक हुन आवश्यक छ । उत्तर नआएर एकै प्रश्न धेरै पल्ट सोध्नु हुन्न ।
- हावभावबाट पनि कहिले यस्ता भन्न नसक्ने प्रश्जका उत्तर आउन सक्छन् । सहजकर्ता यसमा सजग हुनुपर्दछ ।
- उत्तर आएर मात्र सहभागीमूलक हुदैंन् ,सबैले उत्तरु दिएको नदिएको विषयमा विचार गर्नु पर्छ ।
- संवेदनशील विषयमा छलफल गर्दा होस् पुऱ्याउनु पर्दछ । व्यक्तिगत कुरमा गर्दा बढि ध्यान पुऱ्याउन आवश्यक छ ।
- विषयवस्तुमा आफु सुक्ष्म अध्ययन गरेर मात्र केन्द्र सञ्चालन गर्न जानु पर्छ, नभए आफनो प्रश्न भन्दा फरक जवाफ आउँदा छलफल विथोलिन पनि सक्छ ।
- कुनै पनि प्रकारको विभेद , केन्द्रमा गर्नु हुदैंन् । कसैलाई होच्याउने, र उकास्ने कार्य केन्द्रबाट गर्नु हुन्न
- पुछे प्रश्न राख्नु पर्दछ । एक पछि अर्को प्रश्न गर्दा सभागीलाई त्यही विषयमा खोल्ने मौका प्रदान हुन्छ ।
- प्रश्न विकल्प र विश्लेषण उन्मुख हुन आवश्यक छ । अबको बाटो बढाउनका लागि सहयोग प्रदान गर्नुपर्दछ ।
- एउटा मान्छेलाई मात्र प्रश्न सोध्ने कार्यलाई केन्द्रमा बहिष्कार गर्नुपर्दछ ।
- प्रश्नको उत्तर प्रश्न बाटै कहिले काहि आउन सक्दछ , यसमा सहजकर्ता बाठो हुन जरुरी छ ।

## जवाफदेहिता (Accountability) :

आफनो कर्तव्य पुरा गर्नु नं जवाफदेहिता हो । सिकेका कुरा प्रयोग गरे सशक्तिकरणमा सहयोग गर्छ भने गलत प्रयोगले जवाफदेहिता हनन् गर्छन् । मान्छे भएर जन्मे पछि केहि जिम्मेवारी टार्न नसकिने हुन्छ । त्यो कार्य पुरा गर्नलाई जवाफदेहि हुनुपर्छ । गर्छ भन्ने आफुले गर्नुपर्ने र गर्छु भनेअनुसारको जिम्मेवारी कुशलतापुर्वक पुरा गर्नु जवाफदेहिता हो । सामाजिक कामले व्यक्तिलाई बनाई रहेको हुन्छ । हामीले राज्यको र राजनीतिक पार्टीको जवाफदेहिताको कुरा गर्छौं । आफ्नो जवाफदेहिता कमजोर छ । वोलीको जवाफदेहिता, स्रोतको जवाफदेहिता सवै पक्षमा जवाफदेहिता हुनुपर्छ समाज रुपान्तरणको लागि व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका मात्र भएर भएन सामाजिक आन्दोलनमा लागेको पनि हुनु पर्छ । सामाजिक कर्ममा लागेकाको शैक्षिक प्रकृया निरन्तर हुनु पर्‍यो । **ताओमा** भनिएको छ । सफल हुनको लागि मेहनत र जाँगर मात्र पर्याप्त हुदैंन । शैक्षिक प्रक्रिया, सिकाई प्रक्रियालाई पनि जोड दिनु पर्छ । दिमाग तिखार्नमा लाग्नु पर्छ ।

## शक्ति (Power) :

शक्ति नामले भने अनुसार नै व्यक्ति, समुदाय, वा देशको नेतृत्व गर्ने र प्रभाव पुराउने क्षमता हो । शक्ति मानिसको जमिन, पैसा पहुँच सँग जोडिएको हुन्छ । हरवाचरवासुमदायको विषयमा छलफल गर्दा यी शक्ति प्रदान गर्ने पक्षमा कमजोर रहेको पाउँन सकिन्छ । यसका लागि शक्ति सन्तुलनमै प्रभाव पार्ने हिसाबले रिफ्लेक्ट सर्कल सञ्चालन गर्नुपर्दछ ।

**शक्तिको तह :**

1. **अति शक्ति (POWER OVER)** : शक्तिको दुरुपयोग, अपमान गर्ने जस्ता शैलीलाई अक्ति शक्तिको रुपमा बुझ्न सकिन्छ । जस्तैः हरवाचरवाहरुलाई भूमिपतिले गर्ने व्यवहार
2. **थप्ने शक्ति (POWER To)** : विभिन्न माग र आवश्यकता भए पनि साझा आवश्यकताको पहिचान गरि त्यसका लागि एक्यबद्ध हुने तथा लाग्ने शक्ति नै थप्ने शत्तिः हो । हरवाचरवाहरु जमिन्दार भन्दा धेरै छन् तर विभाजीत भएका कारण शक्ति बिहिनको अवस्थामा बाँच्न बाध्य छन् । यस शक्तिको प्रयोग गरि रिफ्लेक्टसर्कल द्धारा शक्ति सन्तुलनमा परिवर्तनको प्रयास गर्न सकिन्छ ।
3. **मिलाएको शक्ति (POWER WITHIN)** : सबै व्यक्ति आफनै ढाँचा, विचार र सीप हुन्छन् । कुनै व्यक्ति कुनै सीपमा तीक्षण हुन्छन् भने कुनै व्यक्ति अर्कै सीपमा । यसरी आफनो आफनो सीपको प्रयोग गर्नु नै मिलाएको शक्ति हो ।
4. **आफु भित्रको शक्ति (POWER WITH)** : आत्मसात र आत्मज्ञानको अनुभुती पहिचान गरि प्रयोग गर्ने नै आफु भित्रको शक्ति हो । यसको सदुपयोगले मात्र परिवर्तन ल्याउन सक्दछ । आफुलाई जस्तो बनायो त्यस्तै बन्ने हुनाले यो शक्तिको प्रयोग प्रयोगकर्तामा निर्भर गर्दछ ।

**शक्तिका प्रकार :**

1. **देखिने** : यो सबैभन्दा बुझ्ने र समुदायमा प्राप्त गर्न सकिने शक्ति हो । व्यक्तिको पद, पैसाको प्रयोगले निर्णय पार्न सकिने प्रभाव नै यस शक्तिको मुख्य उदाहरण हो ।
2. **लुकेको** : या सबै भन्दा हटाउन गाह्रो हुने शक्तिको प्रकार हो । देखिने जसरी रिफ्लेक्टमा यसको छलफल गरेर वा अभियान गरेर यसको प्रभवलाई सिमित गर्न सकिन्न । कुनै पनि निर्णय हुनमा कसैको भित्रि एजेण्डा द्धारा सहयोग गर्नु नै लुकेको शक्ति हो ।
3. **अदृष्य** : धर्म, विचार, जात, संस्कृतिको नाममा मानिस लाई बाँधिने शक्ति नै अदृष्य शक्ति हो । नेपाली समाजमा यसको प्रभाव व्याप्त छ । अदृष्य भएकाले यसको परिवर्तनका लागि रिफ्लेक्ट सर्कलको प्रमुख भूमिका हुन्छ । सबैभन्दा

**शक्ति रुपान्तरण :**

- आफैं छिन्न भिन्न भएर
- नयाँ शक्तिले पुरानो शक्तिलाई विस्थापन
- एउटा शक्ति बढ्नु र अर्को शक्ति घट्दै जाने

अन्त्यमा शक्ति एक निरन्तर प्रक्रिया हो । एउटा शक्तिको विस्थापनका लागि नयाँ शक्तिको उदय हुन आवयक छ । यहि शक्ति सन्तुलनमा परिवर्तन हासिल गर्न खोज्नु नै रिफ्लेक्ट सर्कलको एउटा मुख्य उद्देश्य हो । हाम्रो काम शक्ति बढि लिएकाहरुलाई समान अंकमा ल्याउनु मात्र हो । कसैलाई राजाबाट रंक वा रंकलाई राजा बनाउन रिफ्लेक्टको प्रयोग गर्नु हुन्न । सामाजिक न्यायको स्थापनाका लागि रिफ्लेक्ट एक अभूतपुर्व अंग हो ।

## गान्धीका शिक्षा सम्बन्धी अभिव्यक्ति , पाउलो फ्रेरे र रिफ्लेक्ट सर्कलको भिडियो प्रस्तुती



रिफ्लेक्ट सर्कल  कुनै बिद्यालयको कक्षा हैन जहाँ विषय पुस्तक बाट हेर्ने र सोही विद्यार्थीलाई पढाउने र अन्तिममा परिक्षा ली पास वा फेल गर्ने । यो सहभागीमूलक पद्धती हो । जहाँ समुदायबाटै समस्या त्यसको समाधान खोजेर बाटो आफैनिर्धारण गर्नु पर्दछ । यसमा कुनै पनि सुत्र लगाएर समस्या समाधान हुने सम्भावना न्युन हुन्छ । परिवर्तनका लागि सतही क्रियाकलापले मात्र काफी छैन । समस्याको जरामै असर पार्ने खालको आन्दोलन गर्न आवश्यक छ । सहभागीहरुलाई गान्धीको शिक्षा सम्बन्धी अभिव्यक्ति, पाउलो फ्रेरेको सहजकर्तालाई चिठि तथा रिफ्लेक्ट सर्कल संचालन कार्यको भिडियो प्रस्तुती भयो ।

**प्रस्तुतीबाट सिकाई :**

- कामबाट सिद्धान्तलाई छुट्याउन असम्भव छ । जस्तै : हरवाचरवा विरुद्ध उठिबास गर्न खोज्ने जनप्रतिनिधिको बुझाइ प्रमुख दोषी छ । पदको व्यक्तिलाई भन्दा पनि उसको बुझाई र सिद्धान्तलाई परिवर्तन गर्ने निम्ति रिफ्लेक्टले अठोट लिनुपर्दछ ।
- मान्छेको सोचाईबाट कार्य गर्दछ । सिकारुलाई सिद्धान्त विकास गर्ने क्षमतामा सहयोग गर्नु नै सहजकर्ताको मुख्य दायित्व हो । समुदायमा सवालको कमि छैन ।
- द्वन्द र संघर्षद्वारा सिर्जित ज्ञान नै असली सिकाई हो । सिकाई प्रक्रियालाई सकेसम्म फराकिलो दायरामा लग्नुपर्दछ । जस्तै महिलालाई प्रौढ कक्षा भन्दा पनि सबैको सामु आन्दोलनमा भाषण गर्दा अझ सशक्त बनाउँछ । छलफल, ऱ्याली, वादविवादबाट सिर्जित ज्ञान नै मानिससँग धेरै समयसम्म रहन्छ ।
- हरेकसँग सिक्ने र सहभागी हुने क्षमता हुन्छ । यो उसको अधिकार हो । त्यसैले जहिले पनि बोल्न नसकिने र आवाज नभएको लागि आवाज बन्ने अवधरणा नै रिफ्लेक्ट हो । शिक्षा प्रक्रिया तटस्थ हुन्न । हामी जहिले पनि कमजोरको पक्षधर हुनुपर्छ ।
- ज्ञान लाद्न सकिन्न । यसका लागि आवश्यक वातावरण मात्र तयार गर्न सकिन्छ । यहि वातावरणमा सहभागीहरुलाई धेरै भन्दा धेरै सहजीकरण प्रदान गर्नुपर्दछ । जस्तै रक्सी खानु हुन्न भन्ने आजकल सबैलाई ज्ञान छ । तर पनि मान्छेहरु खान छोडेका छैनन् । यसको असरबारेमा विश्लेषण गरि बुझाईमा परिवर्तन ल्याउन सकेमात्र रुपान्तरणको सपना, मुक्तिको चाहना पुरा हुनसक्दछ ।

- शिक्षा ज्ञान सीपमा मात्र सिमित हुन्न । यो निरन्तर चलिरहने प्रक्रिया हो । अनुशासन त्रास र डरले स्थापना गर्न सकिन्न । यो भित्रैबाट आउनुपर्ने भावना हो । नयाँ ज्ञान हासिल गर्नु भनेको पुरानो ज्ञानलाई बिर्सजन गर्नु हैन । बरु सबै ज्ञानलाई संक्षिप्त गरि प्रयोग गर्नु हो ।

## सिकाइ :


सहभागीहरुले प्रस्तुत गरेका सिकाईहरु निम्न छन् ।

- प्रश्नकला रिफ्लेक्टको मुल आधार हो । यसलाई कसरी समुदायबाट धेरै भन्दा धेरै खुराक हासिल गरि प्रभावकारी रिफ्लेक्ट सर्कल सञ्चालन गर्न सकिन्छ भनेर मुख्य सिकाई भयो । खुला प्रश्न, प्रश्नको प्रयोग गर्ने तरिकाको ज्ञान यहि तालिमबाट हासिल भयो ।
- तालिम अघि सधैं छलफल र गफमा नै बैठकहरु सञ्चालन गर्थ्यौं । यहाँ आएर सहभागीमूलक औजारको बारेमा जानकारी भयो । विभिन्न औजारको प्रयोगले सवाल पहिचान देखि समस्या समाधानका चरणसम्म राम्रो ज्ञान दियो ।
- समुदायमा पहिला बचत वा अन्य विषयमा छलफल बैठक चलाउन जाँदा विषयवस्तु उजागर गर्ने समस्या हुन्थ्यो । सहभागी बस्न नमान्ने, बसे पनि सक्रिय सहभागिता नजनाउने प्रमुख समस्या थियो । अब रिफ्लेक्ट सर्कल चलाउने चरणका ज्ञान र सीप बढेको छ । अब छलफलको सुरुवातदेखि समाधान र अनुगमन मुल्याङकनसम्म एउटै विषयमा केन्द्रित भएर सहजीकरण गर्ने सीप बढ्यो । रिफ्लेक्ट सर्कलमा वातावरणले ठुलो असर गर्छ । यसका लागि अस्थायी वा स्थायी स्थानीय सामाग्रीको प्रयोग गर्ने सामुदायिक भवनको आवश्यकता हुन्छ । जसका लागि सम्बन्धित निकायलाई तालिम पश्चात नै छलफल गर्नेछौँ ।
- विश्लेषण शक्तिले नै मानिसलाई आवाज उठाउने क्षमता प्रदान गर्छ । समुदायका मानिस र रिफ्लेक्टका सदस्यलाई विश्लेषणको सिद्धान्त बुझाउन आवश्यक छ । अनि मात्र मुक्तिको सपना पुरा गर्ने थलो निर्माण गर्न सकिन्छ ।

## तालिमको मुल्याङकन :

तालिमको मुल्याङकनले मात्र अर्को तालिमका लागि सुधारको पक्षहरु प्रदान गर्दछन् । मुल्याङकनमा ५ सुचक अर्न्तगत गरिएको विश्लेषणको आधारमा २२% सहभागीलाई तालिम मध्यम मुल्याङकन गर्नुभयो भने ७८% सहभागीलाई तालिमको सिकाई, व्यबस्थापन, सहजीकरण, विषयवस्तु तथा सहभागिता उच्च लागेको कुरा तलको ग्राफमा प्रस्तुत छ ।





## निष्कर्ष :

रिफ्लेक्ट सर्कल सहजीकरण तालिम सहभागिमूलक र समुदायकै परिवेश, समस्यामा अभ्यास गरी सम्पन्न भयो । तालिमले हरवाचरवा समुदायमा रहेका समस्याको उजार गरी रिफ्लेक्ट सर्कल मार्फत समाधान खोज्ने प्रक्रिया र ज्ञान थप्न मद्दत गरेको छ । १० संस्थाका २० जनाको सहभागिता थियो । तालिमको अन्त्यमा सहभागीहरुले निम्न प्रतिबद्धता व्यक्त गरेका छन् ।

### प्रतिबद्धताहरु

१. प्राप्त सामाग्रीको अध्ययन गर्ने । नोट तयार गर्ने । अध्ययन जारी राख्ने ।

२. तालिमका सिकाई संस्थामा आदानप्रदान गरी, रिफलेक्ट केन्द्र थप गर्ने, व्यवस्थित गर्ने ।

३. सहभागीमूलक विधि र औजारको उपयोग गर्ने ।

४. अन्याय, शोषण, उत्पीडनका सवाल र समस्यामा छलफल र विश्लेषण गर्ने ।

५. केन्द्रमा आउने सबै सहभागीलाई बराबर अवसर दिने ।

६. सहभागीहरुलाई केन्द्र बाहिर पनि लैजाने (वडा कार्यालय, पालिका) मा लागि छलफल गर्ने

.........

# भाग २ :

## अनुसुची

अनुसची १ : समुह विभाजन

| समुह १ : मिथिला : | समुह २ : रामजानकी |
|---|---|
| हेम शंकर साह | पुजा कुमारी महोक्तो |
| किरण कुमारी मण्डल | सञ्जय कुमार खाङ्ग |
| रन्जना सिंह | रुणा कुमारी साह |
| बिन्देशवर यादव | गीता मण्डल |
| जया कुमारी चौधरी | असीया देवी मण्डल |
| **समुह ३ : हिमालय** | **समुह ४ : नवज्योती** |
| आशा कुमारी यादव | आशा कुमारी चौधरी |
| राम कुमार यादव | गुलाब कुमारी चौधरी |
| निश्मा प्रोखेल | मुकेश कुमार सदा |
| निर्मला सिंह | देवेन्द्र कुमार यादव |
| विनिता कुमारी चौधरी | हिरा बहादुर थापा मगर |

अनुसची २ : हरावा चरवा समुदायका समस्या

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| बसोबासको जग्गा आफनो नभएको | ज्याला कम, महिला र पुरुषमा विभेद | ऋण चर्को ब्याज | दाईजो प्रथा | छुवाछुत | बालविवाह | विधुत सेवा नभएको | शौचालय नभएको |
| महिला हिंसा | फोहोर व्यवस्थापन | बालश्रम | खानेपानीको अभाव | खेती योग्य जमिन नहुनु | जाँड रक्सीको र्दुव्यसन | गुणस्तरीय शिक्षाको कमि | सामुदायिक भवनको अभाव |
| डुबान, कटान, पटान | नियमित कामको अभाव | बाध्याकारी श्रम | हेल्थपोस्टको हेलचेक्र्याई | न्युन आय | कुपोषणको सिकार | जनसंख्या वृद्धि | जोखम युक्त बसोबास |
| स्वास्थ्य सम्बन्धी चेतनाको कमि | बहुविवाह | छोरा छोरीमा भेदभाव | निर्णय प्रक्रियामा पहुँच नहुनु | न्यानो लुगा | धेरै खर्च | घुम्टो प्रथा | र्दुव्यसनी युवामा |
| जन्मदर्ता | नागरिकता | मान्यता प्राप्त सीप | समिति संगठनमा कम सहभागिता | असुरक्षित वैदेशिक राजगारी | अनमेल विवाह | चेलिबेटि बेचबिखन | विदेशी आम्दानीको दुरुपयोग |
| बाटो घाटोको समस्या | | | | | | | |


अनुसुची २ : जोडा स्तरीकरण


| | जाड रक्सी सेवन | जोखिमपुर्ण बसोबास | बसोबास गरेको जग्गा आफनो् नभएको | समुह समितिमा सहभागी नहुनु | बालश्रम | ऋृण चर्को ब्याज | नगरिकता कठिनाई | महिला हिंसा | शौचालय नभएको | खेती योग्य जमिन नहुनु |
|---|---|---|---|---|---|---|---|---|---|---|
| जाड रक्सी सेवन | X | जोखिमपुर्ण बसोबास | बसोबास गरेको जग्गा आफनो् नभएको | जाडरक्सी सेवन | बालश्रम | जाँड रक्सी सेवन | नागरिकता कठिनाई | जाँड रक्सी | शौचालय नभएको | खेती योग्य जमिन नभएको |
| जोखिमपुर्ण बसोबास | X | X | बसोबास गरेको जग्गा आफनो् नभएको | जेखिमपुर्ण बसोबास | जोखिमपुर्ण बसोबास | जोखिमपुर्ण बसोबास | जोखिमपुर्ण बसोबास | जोखिमपुर्ण बसोबास | जोखिमपुर्ण बसोबास | जोखिमपुर्ण बसोबास |
| बसोबास गरेको जग्गा आफनो् नभएको | X | X | X | बसोबास गरेको जग्गा आफनो् नभएको | बसोबास गरेको जग्गा आफनो् नभएको | बसोबास गरेको जग्गा आफनो् नभएको | बसोबास गरेको जग्गा आफनो् नभएको | महिला हिंसा | बसोबास गरेको जग्गा आफनो् नभएको | बसोबास गरेको जग्गा आफनो् नभएको |
| समुह समितिमा सहभागी नहुनु | X | X | X | X | बालश्रम | ऋृण चर्को ब्याज | नागरिकता पाउनमा कठिनाई | महिला हिंसा | समुह समितिमामा सहभागिता नहुनु | खेती योग्य जमिन नभएको |
| बालश्रम | X | X | X | X | X | ऋृण चर्को ब्याज | बलश्रम | महिला हिंसा | बलश्रम | खेतीयोग्य जमिन नभएको |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ऋण चर्को ब्याज | X | X | X | X | X | X | ऋण चर्को ब्याज | महिला हिंसा | ऋण चर्को ब्याज | खेती यौग जमिन नभएको |
| नागरिकता नहुनु | X | X | X | X | X | X | X | महिला हिंसा | नागरिकता कठिनाई | खेती यौग जमिन नभएको |
| महिला हिंसा | X | X | X | X | X | X | X | X | महिला हिंसा | खेती योग्य जमिन नभएको |
| शौचालय नभएको | X | X | X | X | X | X | X | X | X | खेती योग्य जमिन नभएको |
| खेती योग्य जमिन | X | X | X | X | X | X | X | X | X | X |


| मुख्य सवाल | प्राप्त अंक |
|---|---|
| जोखिमपुर्ण बसोबास | ८ |
| बसोबास भएको जग्गा आफनो् नभएको | ८ |
| महिला हिंसा | ७ |
| खेतीयोग्य जमिन नभएको | ६ |

## अनुसुची ३ :समूहगत वृक्ष विश्लेषण








समुह २ को समस्यामा आधारित वृक्ष विश्लेषण





समुह ३ को समस्यामा आधारित वृक्ष विश्लेषण






समुह ४ को समस्यामा आधारित वृक्ष विश्लेषण


अनुसुची ४ : समुहगत सामाजिक र स्रोत नक्शा



समुह १ को सामाजिक तथा स्रोत नक्सा




समुह नं २ को सामाजिक तथा स्रोत नक्शांकन




समुह ३ को सामाजिक तथा स्रोत नक्शांकन



समुह ४ को सामाजिक तथा स्रोत नक्शांकन


अनुसची ५ : तालिममा समुहले तयार गरिएका सहभागीमूलक बिधि तथा औजारहरु

**मोसमी पात्रो :**





सहभागीले तयार गरिएको मौसमी पात्रो

## गतिशीलता नक्शा :



समूह कार्यमा तयार गरेको गतिशीलता नक्सा

## निर्भरता विश्लेषण :




निर्भरता विश्लेषणलाई सांकेतिक प्रस्तुती गर्दै

| | अति गरीब | गरीब | मध्यम | धनी |
|---|---|---|---|---|
| अति गरीब | • सरसापटी<br>• काममा सरसहयोग<br>• मेलमिलाप | • सरसापटी<br>• विवाह<br>• कृषिको कार्यमा सहयोग<br>• भोजभतेर<br>• मलामी | • ज्यालाको काम<br>• भोजभतेरमा सहयोग<br>• मलामी<br>• विवाह<br>• जन्ती | • ज्यालाको काम<br>• कृषिको सहयोग<br>• ऋण<br>• बढैया |
| गरीब | • सरसापटी<br>• कामको सहयोग<br>• लेनदेन | • सरसापटी<br>• काममा सहयोग<br>• विवाह<br>• भोजभतेर<br>• सहयोग<br>• मलामी | • ज्याला<br>• भोजभतेर मा सहयोग<br>• जन्ती जाने<br>• मलामी जाने<br>• बटैया<br>• ऋण | • बटैया<br>• निशुल्क काम<br>• ज्यालाको श्रम लगाउने<br>• घरायसी काम गर्ने |
| मध्यम | • कृषि कार्यमा सहयोग<br>• बिहे व्रत बन्धनमा सहयोग | • श्रममा लगाउने<br>• धेरथोर ऋणमा सहयोग | • विवाह<br>• सरसापटी<br>• जन्ती<br>• मलामी | • लेनदेन<br>• कृषिकाममा सहयोग |
| धनी | • बिहेवारी<br>• घरमा काम सहयोग लिने | • ऋण लगाएर ब्याज खाने | • विवाहको निम्तो<br>• ऋण दिने | • विवाह<br>• भोजभतेर<br>• मलामी<br>• जन्ती<br>• चाडपर्व |

सिराहा, लक्ष्मीपुर पतारी गाउँपालिका १ निर्भरता विश्लेषण

अनुसुची ७ : सहभागी विवरण

| क.स | नाम | प्द | संस्था |
|---|---|---|---|
| १ | किरण कुमारी मण्डल | फिल्ड सुपरभाईजर | महिला शान्ति, अनुसन्धान तथा विकास केन्द्र |
| २ | पुजा कुमारी महोतो | सामाजिक परिचालक | सामुदायिक विकास मञ्च |
| ३ | आशा कुमारी चौधरी | सामाजिक परिचालक | सामुदायिक विकास मञ्च |
| ४ | आरती यादव | सामाजिक परिचालक | दलित समाज कल्याण समिती नेपाल |
| ५ | रन्जना सिंह | सामाजिक परिचालक | दलित समाज कल्याण समिती नेपाल |
| ६ | गीता मण्डल | फिल्ड सुपरभाईजर | मानव अधिकार तथा ग्रामीण युवा परिवर्तन नेपाल |
| ७ | राम कुमार यादव | सामाजिक परिचालक | महिला शान्ति, अनुसन्धान तथा विकास केन्द्र |
| ८ | सञ्जय कुमार खाङ्ग | फिल्ड सुपरभाईजर | तापेश्वरी समाज कल्याण संस्था |
| ९ | बिन्देश्वर यादव | फिल्ड सुपरभाईजर | सामुदायिक सुधार केन्द्र |
| १० | गुलाब कुमारी चौधरी | सामाजिक परिचालक | श्रीपुराज सामुदायिक विकास केन्द्र |
| ११ | रुणा कुमारी साह | फिल्ड सुपरभाईजर | सामुदायिक सुधार केन्द्र |
| १२ | असिया देवि मण्डल | फिल्ड सुपरभाईजर | समृद्ध फाउण्डेसन |
| १३ | हिरा बहादुर थापा मगर | सामाजिक परिचालक | दलित जनकल्याण युवा क्लब |
| १४ | हेम शंकर साह | सामाजिक परिचालक | भवानीपुर एकिकृत विकास केन्द्र |
| १५ | आशा कुमारी यादव | सामाजिक परिचालक | महिला शान्ति,अनुसन्धान तथा विकास केन्द्र |
| १६ | जया कुमारी चौधरी | सामाजिक परिचालक | श्रीपुराज सामुदायिक विकास केन्द्र |
| १७ | निर्मला सिंह | सामाजिक परिचालक | भवानीपुर एकिकृत विकास केन्द्र |
| १८ | विनिता कुमारी चौधरी | सामाजिक परिचालक | दलित जनकल्याण युवा क्लब |
| १९ | निश्मा पोखेल | फिल्ड सुपरभाईजर | तापेश्वरी समाज कल्याण संस्था |
| २० | देबेन्द्र कुमार यादव | फिल्ड सुपरभाईजर | समृद्ध फाउण्डेसन |

# अनुसुची ८ : तालिमका केहि झलकहरु














अनुसुची ९ : तालिम खर्च विवरण

| क्र.स | विवरण | युनिट | संख्या | दर | जम्मा |
|---|---|---|---|---|---|
| १ | चिया, खाजा, खाना, बास सेट | सहभागी | २७ * ३.५ दिन | ७३० | ६८,९८५ |
| २ | सहभागी यातायात खर्च | सहभागी | २३ | ८०० | १८,४०० |
| ३ | सहभागी तथा सहजकर्ता बाटो खर्च | सहभागी | २७ | १००० | २७,००० |
| ४ | हल भाडा | दिन | ३ | ४००० | १२,००० |
| ५ | स्टेशनरी | पटक | १ | १०,००० | १०,००० |
| ६ | अन्य खर्च | | | ५,००० | ५,००० |
| जम्मा | | | | | रु .१,४१,३८५ |
| अक्षेरुपी : रु . एक लाख एक चालीस हजार तीन सय पाचासी मात्र । | | | | | |